ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५ औं वर्ष

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३०४ ॥ शनिबार १२ बैशाख २०८३ ॥ नवमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Saturday 25 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-


## सिमेन्ट उत्पादन बन्द

सन्देश संवाददाता

हेटौंडा/लामो समयदेखि आर्थिक संकट व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योग कच्चापदार्थ अभावमा बन्द भएको छ। गत महिना क्लिंकर उत्पादन गरेको उद्योगले कच्चापदार्थ नपाएपछि उत्पादन बन्द गरेको हो। 'हामीसँग कोइला, ढुंगालगायत कच्चापदार्थ छैनन्।

तत्काल कच्चापदार्थ आउने सम्भावना पनि छैन। कच्चापदार्थका लागि सम्झौता भए पनि रकमको अभाव देखाउँदै ठेकेदारले कच्चापदार्थ ढुवानी गर्न नसकेकाले उद्योग बन्द गर्नु परेको छ,'उद्योगमा भएको कच्चापदार्थबाट ५ हजार टन क्लिंकर उत्पादन गरेर हाल सिमेन्ट प्याकेजिङ भइरहेको उद्योगका सहायक प्रबन्धक भक्ति-राम श्रेष्ठले भने। दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमताको उद्योग सधैं बन्दप्रायः छ।

क्लिंकर उत्पादनका क्रममा उद्योगको मेसिनमा केही समस्या आएकाले मेसिनको मर्मतको भइरहेको छ। अर्थाभावमा कर्मचारीले १० महिना देखि तलब पाएका छैनन्। उद्योगमा १ सय ६६ स्थायी, १ सय दैनिक ज्यालादारी र ५२ जना सुरक्षाकर्मी छन्। २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो।

### बजेट निर्देशिका

# गौरवका आयोजनामा ध्यान, टुक्रे खारेज

सन्देश संवाददाता




हेटौंडा/आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट निर्माणमा जुटेको बागमती प्रदेश सरकारले टुक्रे योजना बन्देज गर्ने, बजेटको आकार घटाउने तथा क्रमागत् योजनालाई निस्तेज गर्ने भएको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा तथा आयोजना छनौट निर्देशिका सार्वजनिक गर्दै प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा प्रक्रियालाई नतिजामुखी बनाउने उल्लेख गरेको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको निर्देशिकाले विगतमा आलोचनाको विषय बन्ने गरेका टुक्रे योजनालाई पूर्णरुपमा निरुत्साहित गर्ने लक्ष्य लिएको छ। प्रदेश सरकारले नतिजामुखी बजेट निर्माण गर्ने भन्दै टुक्रे योजना नबनाइने निर्देशिकामा उल्लेख छ। मन्त्रालयका अनुसार अब प्रदेश सरकारले साना योजनामा लगानी गर्नेछैन। सामाजिक क्षेत्रका योजनाका लागि न्यूनतम् २० लाख र भौतिक पूर्वाधारका योजनाका लागि कम्तिमा ५० लाख विनियोजन हुनुपर्ने अनिवार्य सीमा तोकिएको छ। यसले ५/१० लाखका खुद्रा योजना विस्थापित गरी ठूला र गौरवका आयोजनामा ध्यानकेन्द्रित गर्ने देखिएको छ।

मन्त्रालयले सार्वजनिक गरेको निर्देशिकाले आयोजनाको लागतका आधारमा सम्पन्न गर्नुपर्ने अवधिसमेत किटान गरिदिएको छ। अबदेखि विषयगत् मन्त्रालयले नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा लागतका आधारमा निश्चित समयभित्र सम्पन्न गर्ने कार्ययोजना पेश गर्नुपर्ने उल्लेख गरिएको छ। नयाँ व्यवस्थाअनुसार विषयगत् मन्त्रालयहरुले १० करोडसम्म लागत भएका पूर्वाधार आयोजना दुई आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नुपर्नेछ। १० करोडदेखि २० करोडसम्म लागतका आयोजनाका लागि बढीमा तीन वर्ष र २० करोडदेखि ५० करोडसम्म लागतका आयोजनाका लागि बढीमा चार वर्षको समयसीमा तोकिएको छ। ५० करोड बढी लागतका जतिसुकै ठूला आयोजना पनि अब पाँच वर्षभित्र अनिवार्य रुपमा सम्पन्न गरि सक्नुपर्ने कडा प्रावधान निर्देशिकामा राखिएको छ।

यसअघि साना आयोजना पनि दशकौंसम्म क्रमागत् भन्दै बजेट ओगट्ने तर सम्पन्न नहुने प्रवृत्ति बढेपछि सरकारले यस्तो कदम चालेको मन्त्रालयले जनाएको छ। यसले ठेकेदार र सम्बन्धित मन्त्रालयलाई आयोजना समयमै सक्न जिम्मेवार बनाउने अपेक्षा गरिएको आर्थिक मामिला मन्त्री प्रभात तामाङ बताउँछन्। निर्देशिकाले बजेट प्रस्ताव गर्दा आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिनुपर्ने र बाँकी स्थानमा स्थानीय तह, निर्वाचन क्षेत्र र जिल्लागत् सन्तुलन कायम गर्नुपर्ने स्पष्ट पारेको छ। साधारण खर्च र वित्तीय व्यवस्थाको बजेट प्रस्ताव गर्दा पनि अब मन्त्रालयहरुले स्पष्ट आधार र तथ्यगत् विवरण खुलाउनु पर्नेछ।

चालु वा सोभन्दा अगाडिदेखि कार्यान्वयनमा रहेका क्रमागत् एवम् बहुवर्षीय आयोजनाका लागि बजेट माग गर्दा गत वर्ष र चालु वर्षको ६ महिनासम्मको भौतिक तथा वित्तीय प्रगति विवरण अनिवार्यरुपमा समावेश गर्नुपर्नेछ। स्थानीय तह वा निजीक्षेत्रसँगको साझेदारीमा गरिने आयोजनाको हकमा जग्गाप्राप्ति, लागत सहभागिताको अंश र प्रतिफल बाँडफाँटको स्पष्ट खाका पहिले नै प्रस्ताव गर्नुपर्ने व्यवस्थाले आगामी बजेटलाई थप पारदर्शी र नतिजामुखी बनाउने मन्त्रालयको दाबी छ। निर्देशिकाले आर्थिक र सामाजिक विकासमा पछाडि परेका तथा न्यूनतम् भौतिक पूर्वाधार नभएका स्थानलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ। बाँकी स्थानमा बजेट प्रस्ताव गर्दा स्थानीय तह, निर्वाचन क्षेत्र र जिल्लागत् सन्तुलन कायम गर्नुपर्ने अनिवार्य शर्त राखिएको छ।

*बजेटको आकार घट्ने*

आगामी आवका लागि प्रदेशले करिब ५० अर्बको बजेट सिलिङ तय गर्ने तयारी गरेको छ। चालु आवमा ६७ अर्ब ४७ करोड बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बजेटको आकार घटाउने तयारी गरेको हो। यो चालु आवको तुलनामा करिब २० प्रतिशत् कम हो। संघीय सर कारबाट प्राप्त हुने अनुदानमा आएको संकुचन र राजस्व बाँडफाँटको सीमाका कारण बजेटको आकार खुम्चने प्रदेश सरकारका प्रवक्ता एवम् प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री तामाङ बताउँछन्।

निर्देशिकाले बहुवर्षीय आयोजनाको व्यवस्थापनमा नयाँ नियम ल्याएको छ। अबदेखि बहुवर्षीय ठेक्का लगाउँदा कुल लागतको निश्चित प्रतिशत् (३३ वा २५ प्रतिशत्) बजेट चालु वर्षमै सुनिश्चित हुनुपर्ने उल्लेख गरेको छ। यसले स्रोत सुनिश्चितता नभइ ठेक्का लगाउने र अलपत्र छाड्ने प्रवृत्ति अन्त्य गर्ने विश्वास गरिएको मन्त्रालयले जनाएको छ। बजेट अभावलाई मध्यनजर गर्दै सरकारले प्रशासनिक र साधारण खर्चमा भारी कटौती गर्ने नीति लिएको छ। मन्त्रालयको संख्या घटाउने र प्रशासनिक फजुल खर्चलाई ३० प्रतिशत्सम्म कम गर्ने योजना बजेट मार्गदर्शनमा समावेश छ। यस पटकको बजेटमा आयोजना बैंकमा दर्ता भएका र पूर्वतयारी पूरा भएका योजनाले मात्र प्राथमिकता पाउनेछन्। यस कदमले विकास खर्चको प्रभावकारिता बढ्ने र पहुँचका भर मा योजना पार्ने परम्परा अन्त्य हुने अपेक्षा गरिएको मन्त्री तामाङ बताउँछन्।

*साना योजना स्थानीय तहलाई*

यसअघिका बजेट निर्देशिकाहरुमा पनि टुक्रे योजना विस्थापन गर्ने लक्ष्य नलिइएका भने होइनन्। तर, बजेट बनाउने क्रममा मन्त्री, सांसद्देखि चिनजानका व्यक्तिको आधारमा ठूला योजना भन्दा बढी टुक्रे योजनाले बजेट किताब भरिँदै आएका थिए। तर, आगामी आर्थिक वर्षमा भने बजेट बनाउँदा नै कडाइका साथ बनाइने आर्थिक मामिला तथा योजना मन्त्री तामाङ बताउँछन्। उनका अनुसार प्रदेश सरकारको बजेट किताबमा कम्तिमा २० लाखसम्मका बजेटमात्र ल्याइने छ। 'प्रदेश सरकारले टुक्रे योजना बनाउँदैन। साना योजनाका लागि प्रदेशले स्थानीय तहलाई बजेट पठाउँछ,' उनले भने-सम्बन्धित स्थानीय तहबाट योजना कार्यान्वयन भएर बजेट भुक्तानी लिने व्यवस्था मिलाइनेछ।

# कतै पढाइ, कतै बन्द



भरतपुर/चितवनको इच्छाकामना गाउँपालिकाले बैशाख २ गतेदेखि भर्ना अभियान चलाइ-रहेका छ। बैशाख ८ गतेदेखि त धमाधम इच्छाकामना गाउँपालिकामा पठन पाठन भइरहेको छ। माडी नगरपालिकाले शुक्रबारदेखि भर्ना अभियानसँगै विद्यालयमा शैक्षिक क्रियाकलाप अगाडि बढाएको छ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का अधिकांश स्थानीय तहले नियमित पठनपाठन चलाइ-रहेका छन्। तनहुँको देवघाटलगायत स्थानीय तहले पठनपाठन अगाडि बढाइसकेका छन्। तर, बिडम्बना भन्नुपर्छ, चितवनका पाँच पालिका-हरुले स्थानीय सरकारको अधिकार समेत प्रयोग नगरी खुट्टा कमाइरहेका छन्। संघीय सरकारले शैक्षिक सत्र २०८३ का लागि तय गरेको समयतालिका अगाडि नै चितवनका दुई पालिकाले पठनपाठन सञ्चालन गर्दा अन्य पालिकाले बैशाख १५ गतेभन्दा अगाडि विद्यालय सञ्चालन नगर्नू भन्दै सूचना निकालेका छन्। भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, राप्ती नगरपालिका र कालिका नगर पालिकाले संघीय सरकारको शैक्षिक तालिकालाई शीरो धार्य गरेका छन्। माडी र इच्छाकामनाले आफ्नो शैक्षिक तालिकालाई अबलम्बन गरेका हुन्।

'इच्छाकामना गाउँपालिकाले बैशाख २ बाट भर्ना अभियान चलाएको हो, ८ देखि त हामीले पठन पाठन नै सुरु गरेका छौं,' इच्छाकामना गाउँपालिका प्रमुख दानबहादुर गुरुङले भने-हाम्रो शैक्षिक तालिकाअनुसार पठनपाठन गरेका हौं, उस्तै परेमा आइतबार पनि विद्यालय चलाउन सक्छौं, नभए समयमै पाठ्यपुस्तकका कोर्सहरु पढाएर सकिँदैन। उनका अनुसार पाठ्यपुस्तक उही, पढाउनुपर्ने कोर्सहरु उही, अनि बिदा गरेर कसरी गुणस्तर बढ्छ।

उनले बैशाख २ गतेबाट विद्यालय चलाउँदै हालसम्म कसैले केही गुनासो नगरेको तर सर्वत्र स्वागत पाइहेको बताए। उनले भने-पढाइ चलाएर कहींबाट कुनै समस्या खडा भएको छैन। संघीय सरकारले केही भनेको छैन। स्थानीय पालिकाको अधिकार प्रयोगभन्दा पनि स्थानीय तहको शैक्षिक क्यालेन्डरलाई फलो गरेका हौं। माडी नगरपालिका प्रमुख ताराकुमारी महतोले शुक्रबाट विद्यालय भर्ना अभियान चलाइएको बताइन्। उनले भनिन्-बैशाख १४ गतेबाट पढाइ चलाउँछौं, माडी नगर पालिका आफ्नो शैक्षिक तालिकामा हिँड्छ।

संघीय सरकारले बैशाख १५ गतेदेखि विद्यार्थी भर्ना अभियान र २१ गतेदेखि मात्र नियमित कक्षा सञ्चालन गर्ने निर्णय गरेको भए ता पनि चितवनका दुई पालिकाले शैक्षिक क्यालेन्डरमा प्रभाव पार्ने भन्दै नियमित कक्षा सुरु गरेका हुन्। तर, भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, राप्ती नगरपालिका र कालिका नगर पालिकाले संघीय सरकारले भनेबमोजिम बैशाख १५ गतेबाट भर्ना अभियान चलाउने निर्णय गरेका छन्। कालिका नगरपालिका, भरतपुर महानगरपालिकाले सूचना नै निकालेर १५ गतेअगावै विद्यालय सञ्चालन नगर्न भनेका छन्।

संस्थागत् विद्यालयहरुको संगठन प्याब्सन चितवन अध्यक्ष मदन पुरीले माडी र इच्छाकामनाले विद्यालय चलाउन आँट गर्दा अन्य पालिकाले त्यो आँट गर्न नसकेको बताए। उनले भने-विद्यालय खोल्न सकिएन, पालिकाहरुले नै विद्यालय नचलाउनू भनेपछि कसरी चलाउने ? बसहरु नचलाई हुँदैन। बस चलाउन नपाइने भएपछि विद्यालय खोल्नुको पनि के अर्थ रहन्छ र ? उनले प्याब्सन अन्तर्गत् सबै विद्यालयहरु यतिबेला बन्द रहेको बताए। अभिभावकहरुले विद्यालय चलाउन दबाब दिए पनि चलाउन नसकिएको उनले बताए। भरतपुर महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख सुवास आचार्यले संघीय सरकारले गरेको निर्देशनलाई पालना गर्ने निर्णय भएको बताए। उनले भने-महानगरको शैक्षिक तालिकालाई परिमार्जन गरेका छौं, विद्यार्थीलाई कुनै घाटा नहुने गरी कोर्सहरुमा आवश्यक परे परिवर्तन गर्नेछौं। विद्यालयहरु संघीय सरकारको निर्देशनअनुसार १५ गतेबाट नै भर्ना अभियान र २१ गतेबाट पठनपाठन सुरु गर्नेछौं।

*नवलपुरमा धमाधम पठनपाठन*

नवलपुरको मध्यविन्दु नगर पालिकाले बैशाख ७ गतेदेखि नै पठनपाठन सुरु गरिसकेको छ। कावासोती नगरपालिका, गैंडाकोट नगरपालिका र हुप्सेकोट गाउँपालिकाले पनि मंगलबार र बुधबारदेखि पढाइ सुरु गराएका छन्। कावासोती नगर पालिका शिक्षा अधिकृत राजन पाण्डेले पालिकाभित्रका विद्यालय-हरुले मंगलबारदेखि नियमित पठन पाठन सुरु गरेको बताए। हुप्सेकोट गाउँपालिका शिक्षा प्रमुख माधब राज गौतमले बुधबारदेखि नियमित पठनपाठन सुरु भएको बताए।

जिल्लाको बुलिङटार गाउँपालिका र बौदिकाली गाउँ पालिकाले भने बिहीबारदेखि नियमित शिक्षण अभ्यास सुरु गरेका छन्। संघीय सरकारले २१ गतेदेखि मात्र पढाइ सुरु गर्न भनेको भए पनि अभिभावकहरुको आग्रहमा पालिका-हरुले पढाइ सुरु गरेका छन्। जिल्लाको देवचुली नगरपालिका र विनयीत्रिवेणी गाउँपालिका भने संघीय सरकारको निर्देशनविरुद्ध नजाने निर्णय गरेका छन्। कतै पढाइ, कतै बन्द हुँदा अभिभावक हरु भने अन्यौलमा परेका छन्।

# 'अधिवेशन धकेलिनुमा सरकारकोँ हिडन् इन्ट्रेस्ट'

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गरेको भोलिपल्ट अधिवेशन आह्वान स्थगित गरेका छन्। सरकारको अपरिपक्वताका कारण राष्ट्रपति पौडेलले अधिवेशन आह्वान स्थगित गर्नुपरेको हो।

८ बैशाखमा बसेको मन्त्रि परिषद् बैठकले संघीय संसद्का दुवै सदनको अधिवेशन १७ बैशाखमा बोलाउने निर्णय गर्दै अधिवेशन आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो। सोही आधारमा बुधबार राष्ट्रपतिले १७ बैशाखका लागि अधिवेशन आह्वान गरेका थिए। तर, बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले बोलाई सकिएको अधिवेशन स्थगित गर्ने निर्णय गर्दै राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि राष्ट्रपतिले अधिवेशनको हाललाई स्थगित गरेका हुन्।

बोलाइसकिएको अधिवेशन आह्वान किन स्थगित गर्ने अवस्थामा पुग्यो र कहिले अधिवेशन बोलाउने भन्ने विषयमा सरकारले स्पष्ट पारि सकेको छैन। सरकार आफ्नो निर्णयबाट ब्याक भएसँगै अनेक कोणबाट सरकारको यस कदमबारे व्याख्या विश्लेषण भइरहेका छन्। नयाँ प्रतिनिधिसभा आएपछिको संसद्को गत अधिवेशन १९ चैतमा सुरु भएर २७ चैतमा अन्त्य भएको थियो। बजेट अधिवेशनका रुपमा लिइने आगामी अधिवेशनमा १५ जेठमा आगामी आव २०८३/०८४ को बजेट ल्याउनुपर्ने संवैधानिक प्रावधान छ। त्यसअघि प्रिबजेट छलफल हुन्छ। १७ बैशाखमा बोलाइएको अधिवेशन समयसीमाका हिसाबले स्वभाविक भए पनि पछि धकेलिनुमा सरकारको 'हिडन् इन्ट्रेस्ट' वा राजनीतिक स्वार्थ रहेको आशंका विपक्षी दलहरुले गरि रहेका छन् भने सरकारको यस कदमको विरोध गरेका छन्।

*अध्यादेशको आशंका :*

सरकारले हठात् अधिवेशन आह्वान स्थगित गरेर केही विषयमा अध्यादेश ल्याउन लागेको आशंका विपक्षीहरुले गरेका छन्। कुनै राजनीतिक, संवैधानिक वा कानुनी अवरोधबिना अधिवेशन रोकेर सर-कारले केही महत्वपूर्ण विषयमा अध्यादेश ल्याउन लागेको आशंका उनीहरुको छ। संसद् बैठक आह्वान भएपछि अध्यादेश ल्याउन नमिल्ने र सरकारले गर्न खोजेका कतिपय कामहरु ऐनको अभावमा फत्ते हुन नसक्ने देखेपछि सरकारले अध्यादेशको बाटो अपनाउन लागेको आशंका छ।

प्रतिपक्षी दल एमालेकी सांसद् पद्मा अर्यालले सरकारले अध्यादेश ल्याउने कुरा स्पष्ट नभइसकेको भन्दै संसद्बाट विधेयक पारित गर्न कुनै बाधा अड्चन नहुने अवस्थामा सर-कारले त्यस्तो कदम नचाल्ने विश्वास व्यक्त गरिन्। उनले सरकारले त्यसरी संसद् छलेर अध्यादेश ल्याए आफैं माथिको अविश्वास झल्किने उल्लेख गरिन्। अधिवेशन आह्वान स्थगित गर्नुपर्ने सरकारको बाध्यता थाहा नभएको उनको प्रतिक्रिया छ।

*थालेका काम फत्ते गर्न टाइम बाई*

पछिल्लो समय सरकारले एकपछि अर्को दलका नेता तथा विवादास्पद् व्यवसायीहरुलाई पक्राउको श्रृंखला नै चलाएको छ। कतिपय अनुसन्धानको क्रममा हिरासतमै छन् भने कतिपय अदालतको आदेशमा हिरासतमुक्त भइसकेका छन्। सरकारको यस कदमको गत अधिवेशनमा पनि संसद्मा आलोचना भएको थियो। हाल सरकारका मन्त्रीहरुको सम्पत्ति सार्वजनिक भएपछि उनीहरुको सम्पत्तिमाथि आमरुपमा प्रश्न उब्जिएको छ। विपक्षी दलहरुले त्यसको पनि विरोध गरिरहेका छन्।

विवादास्पद् व्यवसायी दीपक भट्टसँगको कनेक्सनमा प्रश्न उठेपछि गृहमन्त्री सुधन गुरुङले राजीनामा नै दिइसकेका छन्। उनको सम्पत्तिको स्रोतमाथि पनि प्रश्न छ।

यी प्रश्नहरु आगामी संसद् बैठकमा उठ्ने निश्चित छ। संसद्मा यी प्रश्नहरु उठ्दा सरकारलाई नैतिक दबाब पर्ने भयले सरकारले संसद् अधिवेशन रोकेको प्रमुख प्रतिपक्षी कांग्रेस सांसद् निष्कल राईले बताए। उनले सरकार प्रश्नको सामना गर्न डराएर त्रासका कारण संसद् अधिवेशन रोकेको आरोप लगाए।

### राप्रपा नेता विक्रम पाण्डे पक्राउ



सन्देश संवाददाता

काठमाडौं/राप्रपाका नेता एवं पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ परेका छन्। उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले शुक्रबार पक्राउ गरेको हो।

उनी राप्रपाका वरिष्ठ नेता एवं उपाध्यक्ष हुन्। उनलाई आफू अनुकूलको ठेक्का पार्ने प्रयासका क्रममा ई-बिडिङको वेबसाइट ह्याक गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पाण्डे ०७९ को निर्वाचनमा चितवन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए। पाण्डेविरुद्ध २०७५ सालमा सिक्टा सिंचाइ आयोजनामा गुणस्तरहीन काम भएको अख्तियारले मुद्दा दायर गरेको थियो। सो मुद्दामा उनी ४ करोड धरौटी बुझाएर रिहा भएका थिए।

*व्यवसायीहरू धमाधम पक्रिरहँदा*

# 'अर्थ मन्त्रालयका पाँच जना सहसचिवको एकैपटक प्रदेशमा सरुवा




सन्देश संवाददाता

काठमाडौं/सम्पत्ति सुद्धी-करणका लागि सरकारले भटाभट व्यवसायीहरू पक्राउ परिरहेको बेला सरकारले अर्थ मन्त्रालयका पाँच जना सहसचिवलाई एकैपटक सरुवा गर्दै प्रदेशमा खटाएको छ। लामो समयदेखि मन्त्रालयअन्तर्गत कार्यरत रहेका उनीहरूलाई विभिन्न प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको हो। उनीहरूमा पनि केही कैफियत देखिएपछि सरूवा भएको हुनसक्ने अनुमान छ।

आन्तरिक राजश्व विभागका महानिर्देशक मदन दाहाललाई सुदूर-पश्चिम प्रदेश, सहमहालेखा नियन्त्रक सुशीला अर्याललाई लुम्बिनी प्रदेश, आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराईलाई बागमती प्रदेशमा खटाइएको छ। यसैगरी, वित्तीय संघीयता समन्वय महाशाखा प्रमुख सेवन्तक पोखरेल र सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका प्रमुख महेश बराललाई मधेश प्रदेशमा सरुवा गरिएको छ।

# सूचकांकमा आधारित दूध बिमालेख सञ्चालनमा

काठमाडौं/सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडले सूचकांकमा आधारित दूध उत्पादन बिमालेख सञ्चालनमा ल्याएको छ। कम्पनीले प्लान्ट स्याटसँगको प्राविधिक सहकार्यमा तापक्रममा हुने वृद्धिका कारणबाट गाई तथा भैंसीको दूध उत्पादनमा हुने कमीबाट कृषकलाई पर्नसक्ने सम्भावित क्षतिबाट सुरक्षण प्रदान गर्न बिमालेख सञ्चालनमा ल्याइएको हो। लाई लक्षित गर्दै बिमालेख तयार गरिएको प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले जानकारी दिए।


## कला जोगाऔं, संस्कृति बचाऔं

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत् जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत् सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत् पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विद्यार्थीलाई ४५ प्रतिशत् छुट कार्यान्वयनको माग





सन्देश संवाददाता

हेटौंडा/मकवानपुरमा विद्यार्थी हरुले यातायातमा पाउँदै आएको ४५ प्रतिशत् छुट पूर्णरुपमा कार्यान्वयनको मागसहित प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन्। शुक्रबार हेटौंडा क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का कार्यबाहक अध्यक्ष भरत मोहन देबकोटाको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएका हुन्।


ध्यानाकर्षणपत्रमा नेपाल सरकारद्वारा व्यवस्था गरिएको सार्वजनिक यातायातमा विद्यार्थीलाई ४५ प्रतिशत् छुट प्रदान गर्ने नीति व्यवहारमा प्रभावकारीरुपमा कार्यान्व-यन हुन नसकेको उल्लेख गरिएको छ। जिल्लाभित्र सञ्चालनमा रहेका कतिपय सार्वजनिक सवा-रीसाधनले उक्त छुट नदिने, मनोमानी भाडा असुल गर्ने तथा विद्यार्थीहरुमाथि दुर्व्यवहार गर्ने जस्ता गुनासा आइ-रहेकाले त्यस समस्या समधानका लागि आग्रह गरिएको छ।

सार्वजनिक यातायातका साधनले नेपाल सरकारको नीतिअनुसार विद्यार्थीलाई प्रदान गरिने छुटलाई अनिवार्य र प्रभावकारीरुपमा कार्यान्वयन गराउन आवश्यक अनुगमन, निर्देशन तथा कारबाही प्रक्रिया अघि बढाइदिन आग्रह गरि-एको छ भने उक्त विषयमा समयमै आवश्यक कदम चालिएन भने विद्यार्थीहरुको हकहितको संरक्षणका लागि स्ववियु हेटौंडा क्याम्पस थप सशक्त आन्दोलनका कार्यक्रमहरु अघि बढाउन बाध्य हुने व्यहोरासमेत लेखिएको छ।

# विश्वले तृतीय युद्धभोग्न नपरोस्



✍ चेतप्रसाद पौडेल
(सैपुले साहिंलो)



सखारै उठेर नमन चढाऔं ।
नेपाल राष्ट्रको गरिमा बढाऔं ॥

**पूर्वीय दर्शनका आधार स्तम्भ भनेका वेद हुन। ४ वेद ४ युग का दरिला मेरुदण्ड मानिन्छन्। वेदहरू (१) सामवेद (२) यजुर्वेद (३) ऋग्वेद (४) अथर्ववेद। यि ४ वेद ४ युगका प्रतीक मानिन्छन्। ४ युग भनेका ब्रम्हाण्डका अंगका रूपमा लिइन्छ। युगका नामावली निम्नानुसार छन् :**

**(१) सत्ययुग (२) त्रेतायुग (३) द्वापरयुग (४) कलियुग। सत्ययुग: यस युगको आयु १७, २८ हजार। यस युगमा मानिसको आयु १ लाख वर्ष मानिन्छ। यस युगमा मानिसको लम्बाई ३२ फिट (२१ हात) अवतार मत्स्य भनिएको छ। मुद्रा रत्नमय, पात्र स्वर्णाको। हिरण्यकश्यपु र हिरा-ब्यक्ष दानव थिए। यी दुबै दाजुभाई १०० वर्षमा जन्मिए भनिन्छ। हिरण्य कश्यपुका सुपुत्र प्रल्हाद विष्णुका भक्त भएर जन्मीए। हिराव्यक्षले पृथिवी हरण गरेर हिमालतर्फमा तपश्याखातिर गएको प्रमाण भन्दछ।**

**(२) त्रेतायुग यसको आयु १२,९६००० र मानिसको आयुर्धा १०.००० लम्बाइ २१ फिट (१४ हात) अवतार-वामन थियो भनिन्छ। वामन बलिसम्बाद हुनेछ। बिष्णुले वामन अवतार लिएर वलिलाई पाताल बस्न विवस बनाइएका कुरा उल्लेख छ। रावणको नाश र लंकामा असल शासनको प्रबन्ध श्रीराम चन्द्रद्वारा भए गरे/गराएको दृष्टान्त पाइन्छ।**

**३) द्वापरयुग-पस युगको आयुर्धा ८६४००० मानिसको आयु १०.०० मात्र छ। ११ फिट (७ हात) कृष्ण अवतार जसको उदयले कंशको विनास। असल शासन र धर्मको आरम्भ भएको भनिन्छ। मुद्रा चांदीका, पात्र ताम्रका। कलियुग यस युगको पूर्ण आयु ४.३२००० वर्ष छ। मानिसको आयु १०० वर्ष। लम्बाई ५.५ फिट (२ हात) भनिन्छ। कल्की अवतार भनिन्छ। मुद्रा लोहा (फलाम) पात्र माटाको भनिन्छ। कलिले ४ ठाउँमा म बस्छु भनेर भनेको पाइन्छ। ती ठाउँ भनेका (१) सुन हो (२) जुवा हो (३) मदिरा हो (४) वेश्यालय यी ४ ठाउँमा त्रिसत्य महाकाव्य चरित्र विज्ञान ब्रम्हाण्ड नायकका ४ तह ४ श्रेणी भनेर लिपिमा उतार्ने जमर्को गरेको छु। ३ अक्षर भन्नाले ३ लोकलाइ लियको छु। ३ लोक भनेका (१) स्वर्ग हो (२) मर्त्य हो।**

**(३) पाताल, पूर्वीय दर्शन वर्णान गर्दछ। यसरी ३ लोकमा ४ युगले रजाई गरेर अग्ला कदका मानिसदेखि होचा कदका मानिस जन्मने र मृत्युवरण गर्ने गराएका प्रचुर दृष्टान्त त्यो बेलाका साहित्य सर्जकहरूले गर्नुभएको छ। १. सुज्ञान र विज्ञानको प्रादुर्भाव प्राचीनकालमा भएको भएता पनि प्रयोगात्मकरूपमा विस्तारै विकसित हुँदै आएको पाइन्छ। विज्ञान सशक्तरूपमा आएर मोनेरादेखि मानवसम्मको सृष्टिका वारेमा वर्णन गरेका दृष्टान्त पाइन्छ। मानवसभ्यता ढुंगेयुगदेखि आधुनिक युगसम्म साइनो कायम गर्दाका अवस्थामा खुसीको खेतीमा रमेर रमाएर जीवन चलाउने उत्कृष्ट काम हो भनिन्छ।**

**ब्रम्हाण्ड नायक मानेर त्रिसत्य महाकाव्य चरित्र विज्ञान नवीन कृतिका रूपमा उदय भएको छ। वेदबाट उत्पादन भएका हुनाले व्युत्पादन भनिन्छ। वेदको शब्दार्थ ज्ञान हो, बुद्धि हो। विदधातुवाल बनेको छ, जसको अर्थ जान्नु हो। जसलाई देख्नु र जान्नु मानव कर्तव्य मानिन्छ। सामवेद साहित्य क्षेत्रको जननी भनिन्छ। गति यति र लयमा रहन हिड्न सामवेदले मद्दत पुऱ्याउँदछ। लय मिलाई छन्दमा भन्न र लेख्न लेखक सर्जक साधकलाई मार्ग दर्शन गर्दछ। ब्रम्हाण्डको मूल कानून संविधान वेद हो भनेको छ। श्रीकृष्णाले गीतामा भन्नु भएको छ।**

**वेदभनेको गाई हो। गीता महाभारत रामायण भनेका पुराण उपपुराण शास्त्र यी सबै दूध हुन्। श्रीकृष्ण गोठाला भनिएको छ। गीतालाई हामीले समयमा बुझेनौ विज्ञानको जनक वा जननी रहेछ भनेर साहित्यकार लुशुन विज्ञानका जनक आइन्स्टाइनले अभिव्यक्त गरेको पाइन्छ। स्वर र व्यञ्जन दुवैको मिलनबाट अक्षर बनेका छन्। बाह्रखरीबाट अपभ्रंश भएर बाह्रखरी बनेर पूर्वीय दर्शन दृष्टान्त हामी नेपालीलाई ब्युँझाउंन उठाउंन हिडाउंन दौडाउंन हातसमाई संस्कार संस्कृति सभ्यता आदिको लालन पालन गरेर गराएर जीवन सुधार्ने कार्यमा लाग्ने र भावि सन्ततिका निमित्त उत्कृष्ट संस्कार सभ्यता संस्कृति आदिलाई नासोका रुपमा पुस्तान्तरण गर्नु गराउनु प्रथम दायित्व हुनेछ। असल काम गरेर दरिद्र फालेर उन्नत खालको चरित्र निर्माण गर्नु गराउनु आजको प्रमुख दायित्व हो।**

**पहिले स्वरवर्णाको संक्षिप्त दृष्टान्त राखेर क्रमशः बुमेर अगाडि जानका निमित्त प्रेरणादायी हुनेछ। अ आ इ ई १६ अक्षर भए पनि चलन चल्तीमा १२ अक्षर हुनुले बाह्रखरी शब्दलाई मल जल र उर्जा प्रदान गरेको पाइन्छ। यसमा व्यञ्जन वर्णाको मिलन मात्रले पूर्णाक्षर बन्ने भएको हुनाले जसरी शरीरबाट छायाँ अलग हुन सक्तैन, त्यसरी स्वर र व्यञ्जन नमिली वर्णाको पूर्णता हुन कठिन देखिन्छ।**

**अक्षर अजर अमर कालजयी भनेर भनिन्छ। ब्यञ्जन वर्णमा ३६ अक्षर रहन्छन्। क-ज्ञ सम्मका वर्णलाई ध्रुवले ३६ हजार वर्ष राज्य गरेका भन्ने दर्शन दृष्टान्त पाइन्छन्। त्रिसत्य महाकाव्य चरित्र विज्ञान ब्रम्हाण्ड नायकमा ३६ शब्द राखेर १ शीर्षक कायम भएको छ। ३३३ शीर्षक मिलेर विराट महाकाव्य बनेर देवतारूपमा रहनु भएका पाठकसमक्ष प्रसादस्वरूप टक्रयांए स्वीकार्न सादर आग्रह गन्या छु।**

**साहित्य विधामा राष्ट्र र जनता संविधान त्रिसत्य भनिएको छ। एकले अर्कोलाई आदर सत्कार अभिवादन नितान्त जरुरी देखिन्छ। भेटमा पहिले राम-राम भनिन्छ। अत्यन्त आदर सत्कार योग्य शब्द हो। राम जसरी शरीरबाट छायाँ अलग रहन सक्तैन, त्यसरी नै अक्षर बन्न स्वर र व्यजन अलग हुन सक्तैनन्। राम शब्दले स्वर र व्यञ्जन वर्णमा मलजल प्रकाश पुऱ्याई हुकाउने गर्दछन्, त्यस्को दृष्टान्त राम ५४ त्रिसत्य काव्य। बजारमा पाठकसमक्ष पुगेको छ। यसमा ५४ शीर्षक रहेका छन्।**

| | | |
|---|---|---|
| र-२७ | र-२७ | १०८ |
| आ-२ | आ-२ | |
| म-२५ | म-२५ | |

**५४-२ (राम राम) १०८ यो १ एक शीर्षकमा १०८ अक्षर छन् भन्ने बोध गराउँदछ। त्रिसत्य महाकाव्य चरित्र विज्ञान ३ अक्षर ४ तह ९ वाक्य (९ ग्रह) र विराट अंक हो। ९ महिना पूर्णता पश्चात मानिस जन्मिन्छ, ३६ शब्दले एउटा नवीन कृतिकारुपमा पाठकलाई खुराक पस्किएको छ। व्यञ्जन पूर्णका अन्तिम ३ अक्षर त्रिसत्य भनिन्छ। अक्षर भनेका क्ष त्र ज्ञ योगमा क्ष त्र ज्ञ को विराट भूमिका रहेको छ। यी अक्षर भारलाई यसरी जोख्या छ।**

**क्ष-३४ त्र ३५ ज्ञ-३६ जम्मा १०५**
**.३ वरावर १०८ हुनेछ।**
**क्षेत्र भनेको पृथिवी (भूगोल)**
**ऋ-३५**

**क्षेत्र भनेको शरीर। क्षेत्र भनेका हाता ज्ञ-३६ रु क्षेत्रका जान्ने त्यो विज्ञ क्षेत्र ज्ञ भनिन्छ। १०५+३ (३ लोक भरिनै ३६ वर्णाको भूमिका छ। १०८ हुनेछ। योगमा १+०+८-९ ग्रह, ९ रत्न भनिन्छ। मीमांसा त्रिसत्य महाकाव्य चरित्र विज्ञान ब्रम्हाण्डनायक बारेमा संक्षिप्तमा जानकारी पाउँ भन्ने जिज्ञासा मेटाउने जमर्को गरेको छु। वेद गीता श्रीमद्भागवत रामायण पुराण उपपुराण आदिलाइ मुहान मानेर पूर्वीय दर्शन विज्ञान (पाशचिचमा दर्शनकी) जननी भनेको छु। पूर्वीय दर्शनलाई सुज्ञान भनेको छु।**

**पाशचिचमा दर्शनलाई विज्ञान भनेको छु। ब्रम्हाण्ड नायकसमक्ष सम्पर्क सूत्रमा रहने प्रयास पनि हो। पूर्वीय दर्शन भन्दछ १ सत्यम् २ शिवम् ३ सुन्दरम् भनेर ३ उपाय १ सत्व हो २ रज हो। ३ तम हो। पश्चिमा दर्शन भन्धछ। (१) इलेक्ट्रोन (२) प्रोटोन (३) न्युट्रोनलाई लिइन्छ।**

**ब्रम्हाण्ड सकारात्मक उजाको भण्डार हो। ज्ञान र विज्ञान को सागर हो। ज्ञानको तलाउमा डुबुल्की लाएर पवित्र कर्मले अत्योत्कृष्ट चरित्र निर्माण गरेर भुइँका मानिस जुरुक्क उठाई लक्षित गन्तव्यतर्फमा लैजाने छ। विशिष्ट उद्देश्य लक्ष्य र महत्व आदिका बारेमा विस्तृत चर्चा गरिएको छ। एउटा व्यक्तिदेखि समाज राष्ट्र र विश्वको उचाई मापन गर्ने कार्यमा सबैलाई लाग्न प्रेरक बनेर प्रेरणा प्रदान गर्दछ।**

**राष्ट्र्र विश्वमा (१) घुस र (२) कमिशन (३) भ्रष्टा चार सम्पूर्ण नियन्त्रण गरेर अन्त्य गर्ने र त्योबचत भए को रकमबाट भुइँका तमाम मानिसलाई उत्कृष्ट जीवन जीउने तरिका सिकाउन (१) नि:शुल्क शिक्षा (२) नि:शुल्क स्वास्थ्य र (३) सबैका खातिर कामको ग्यारेण्टी प्रमुख चाहना त्रिसत्य महाकाव्य राख्दछ।**

**महाकाव्य भन्दछ विश्वले प्रथम द्वितीय युद्ध भोग्यो आइन्दा विश्वले तृतीय युद्ध नहोस् भन्दछ साहित्य समाजको दर्पण हो। राष्ट्र विश्वमा के भएको छ छर्ल देखाउँछ। हाल इरान इजरायलको झगडामा अमेरिकाले बलेको आगोमा तेल थप्ने कार्य गदैछ। त्यसमा संयुक्त राष्ट्र संघको भूमिका विराट हुनु पर्दछ।**

*: समाप्त :*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| राशि | | राशि | |
|---|---|---|---|
| मेष | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ। | बृष | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ, प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। |
| मिथुन | सम्भावना र अवसर खोजी गर्ने समय छ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन साथीको सहयोगले हिम्मत दिलाउनेछ। | कर्कट | दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ। |
| सिंह | केही फाइदा लिन अर्को वस्तु त्याग्नु पर्ला। व्यवसायमा लगानी बढाउनु पर्ने समय छ। सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ। | कन्या | स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ। खानपान र आहारविहारमा ध्यान पुऱ्याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ। |
| तुला | तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ। | बृश्चिक | श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ। भएको आम्दानी र सञ्चित रकमसमेत खर्चनु गने योग देखिएको छ। |
| धनु | भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। | मकर | श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। |
| कुम्भ | आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ। | मिन | समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउने योग छ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
विज्ञापन शाखा : ९८५१०७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# बजारिया वस्तु होइन प्रेम



✍ रेखा शाह



संसारको गति प्रेममै निर्भर छ। प्रेमबिना मानिसका प्रयासहरु व्यर्थ छन्। प्रेमबिनाको जीवन एकाकी, नीरस, अर्थहीन र अधुरो हुन्छ।

प्रेम आफैंमा गहन र जटिल विषय हो। प्रेमका सम्बन्धमा संसारभर विविध विचार र चिन्तन उपलब्ध छन्। अहिंसावादी विचार र ज्ञान प्रवाह गरेर मानव जातिमै पृथक प्रभाव छोडेका गौतम बुद्धले भनेका छन्, 'अन्ततः केवल तीन कुराले महत्व राख्छन् कति माया गऱ्यौ, कति विनम्र भइ जीवन बाँच्यौ र तिम्रो लागि नभएका कुराहरुप्रति कसरी अनुगृहित रहेर ज्ञान दियौ।' दलाइ लामाको भनाइ छ, 'हिजो र भोलि, वर्षमा केवल यी दुई दिन केही गर्न सकिन्न। माया, विश्वास, कर्म र जिउनका लागि आज नै सबैभन्दा उपयुक्त दिन हो।' प्रेमलाई हृदयको सक्कली रुप मान्ने विलियम शेक्सपियरले लेखेका छन्, 'मलाई माया गर या घृणा, दुवै मेरा पक्षमा छन्। तिमीले माया गऱ्यौ भने म संधैं तिम्रो हृदयमा हुनेछु र तिमीले घृणा गऱ्यौ भन म संधैं तिम्रो दिमागमा।' प्रेम कति विराट र व्यापक छ, यी भनाइबाट प्रष्ट हुन्छ।

जीवन नबुझी प्रेमको महत्व बुझ्न सकिन्न। इज्जत, सद्भाव, विश्वास र समर्पणको अभावमा प्रेम देखावटी हुन्छ। प्रेम झाँगियोस् भन्नका लागि हृदयको आँगन उज्यालो हुनुपर्छ। प्रेमिल हृदयले अपराधको कल्पना गर्न सक्दैन। स्वार्थ, शारीरिक सुखभोग र भौतिकताको दास बनेर गरिने प्रेम केवल अभिनय हुन्छ। शारीरिक एवम् जैविक इच्छाको समाधानका निम्ति मानव समाजमा प्रचलित प्रेम त्यो प्यास मेट्ने क्रियाकलाप मात्र हो। सन्तानेच्छा प्रेम हो? प्रेम बजारको खरिदयोग्य सामग्री हो? मानव जातिले स्विकारेको र भोगिरहेको प्रेमका विषयमा अब सोच्न जरुरी छ।

प्रेम विशिष्ट र अद्भूत विषय हो। शारीरिक सन्तुष्टिलाई प्रेमको परिधिभित्र राख्न खोज्नु भ्रम हो। मिलन जीवनको सामान्य पाटो होला तर पूर्णता हुनै सक्दैन। ओशोले प्रेममा प्राप्तिको अंश नरहने बताएका छन्।

प्रेम हावा जस्तै हुन्छ, जसलाई अनुभूति गर्न त सकिन्छ तर देख्न सकिँदैन। हावाबिना प्राणी र वनस्पतिको सम्भावना नरहे जस्तै प्रेमबिना पनि जीवन अपूर्ण हुन्छ। एकअर्कामा समर्पित, हार्दिकतापूर्वक स्विकारिएको सम्बन्ध नै प्रेम हो। दु:खमा हात थाप्नु र सुखमा हृदय लगाउनु प्रेम हो। घामको झुल्को प्रेम हो। मनमा मन मिसिन सके प्रेम जीवन्त बन्छ। प्रेम फैलाउन जाने संसार आफ्नो हुन्छ। समर्पण, श्रद्धा र विश्वासमा प्रेम एकाकार हुन्छ। नि:स्वार्थताको उचाइमा र समर्पणको गहिराइमा प्रेम ढकमक्क फूल्छ।

स्वार्थमा आधारित प्रेममा कृत्रिमता ज्यादा हुन्छ। समझदारीका नाममा प्रेम ध्वस्त हुने गर्छ। स्वतन्त्रतापूर्वक र हार्दिकतापूर्वक प्रेम प्रकट गर्न पाउने वातावरण नबनेका कारण समाजमा विभिन्न खाले अपराध हुने गरेको छ। अपत्यारिला र डरलाग्दा घटनाले समाजलाई दुखित बनाउनुको कारण हृदयदेखिको प्रेम साटासाट गर्ने वातावरण नहुनु नै हो। कतिपय समाजमा माया र चाहनालाई प्रेम ठान्नेहरुबाट प्रेमको हत्या गरिएको छ। स्वच्छन्द हृदयले विश्वासको साथ प्रकट गरिने प्रेममा बाधा पुऱ्याउनु हुँदैन। बाध्यता, समझदारी र स्वार्थमा अडेको प्रेमले हार्दिक प्रेमलाई निमोठेको छ। यान्त्रिक र कृत्रिम प्रेमका कारण भावनात्मक प्रेमको विनाश भएको छ।

# घामको कथा

कविता :



**साकार बाबु सुवेदी**

घामले भुल्किन समय लगायो
त्यही विलम्बमा टेकेर एउटा
कथा रचना गरियो।
जहाँ जीवन सबैसँग थियो
तर जीवित बन्ने अभ्यास अधुरो थियो।
।।
त्यो कथामा एक पात्र थियो
जो भीडजस्तो देखिन्थ्यो तर भीड थिएन।
उसले मृत्यु देखेन
तर मृत्युलाई काँधमा राखेर हिँड्यो
दिनहुँ मनभित्र ठुलो अन्त्य बोकेर।
।।
एकदिन, उसले आफूलाई भेट्यो
ऐनामा होइन, कालो छायामा
कालै पर्दापछाडि छोपिएको।
त्यहाँ कुनै निर्णय थिएन
केवल एउटा शान्त स्वीकृति थियो
प्रतिशोध पनि अस्तित्व हो।
।।
उसको खल्तीमा एउटा ढुङ्गा थियो
सानो तर भारी रिसले होइन, अनुभूतिले।
कहिलेकाहीँ लाग्थ्यो घाम फुटाउनुपर्छ
कारण समयले सिकाउन सकेन
घाम फुटाएर होइन,
आँखा फेरिएपछि बिहान हुन्छ।
।।
टुटेको घडी भित्तामा झुण्डिएकै थियो
र दिनमा दुई पटक सही समय देखाएकै थियो
त्यसैले प्रयास व्यर्थ भएन
ढिलाइ पनि दिशा बन्यो र
मेरो पात्र दिशानिर्देशक।
।।
धैर्य बिस्तारै गुमनाम होला
आफ्नै गरिमा गुमाउन तल्लीन मेरो पात्र
फुटेको ऐनाबाट आकृति गायब भएजस्तो।
मुलुकबाट मानिस नजाऊन्,
आत्मसम्मान उभिनुपर्छ
हारबिना होइन, हारबाट सिकेर।
।।
कथा अझै सकिएको छैन
आज स्वतन्त्रता छ, भोलि सायद के होला ?
तर दुवैबाट जन्मिनेछ
अस्तित्व रहने वा नरहने कारण।
।।
अन्त्यमा बुझियो
उतारचढावबिना अहंकार उम्रिन्छ

## युद्ध विभीषिकाको नाङ्गो नाच

कविता :



✍ टंक सिटौला

हे युद्ध विभीषिका !
तँ उन्मुक्त हाँस्दै छस्
दुनियाँको आँगनमा सन्त्रास फिजाउँदै
त्रासदीको गीत गाउँछौ
गोलार्धको गगनमा युद्धास्त्रका बाजा बजाउँदै।
।।
हे युद्ध विभीषिका !
तैँले गाउने गीतहरू
कलमले होइन, हतियारले लेखिन्छन्
मञ्चमा होइन, रणमैदानमा गुञ्जिन्छन्
तेरो गीत सुनेर मानिसहरू आत्तिन्छन्।
।।
तेरो गीतमा सङ्गीत बनेको छ
अत्याधुनिक अस्त्र-शस्त्रको झङ्कार
युद्ध-दावानलको फुङ्कार, निर्दयताको हुङ्कार
अस्त्राहतको आर्तनाद, निरीहको चीत्कार
शक्तिमत्त बौलाहाहरूको नाङ्गो नाचमा
मानवताको हुँदै छ बर्बर बलात्कार।
।।
हे युद्ध विभीषिका !
तेरा खित्काहरू बिजुली बनेर
मान्छेलाई झस्काउँछन्
तेरा अट्टहासहरू चट्याङ बनेर
मान्छेलाई अत्याउँछन्
तेरो ताण्डव नृत्यको ताल, काल
बनेर मान्छेलाई तर्साउँछ
पानी बर्साउने बादलले
आज गोला बर्साएर थर्काउँछ।
।।
तेरो भयानक बारुदनादमा
दबेको दबै भयो शान्तिको शङ्खनाद
बेअसर भयो सर्वशक्तिमान
ईश्वरको पुकार बेखबर रह्यो
मेहरबान अल्लाहको चमत्कार।
।।
हे युद्ध विभीषिका !
तँ अन्न खाँदैनस्, फरक पर्दैन तँलाई
इन्धनको नाकाबन्दीमा
तँ पानी पिउँदैनस्, आगो लगाइस्
समुद्रको पानीमा।
गोला पाक्छ तेरो लागि
हतियारको भट्टीमा
करोडौँको चुलो निभ्यो, हाहाकार
छ सहर-बस्तीमा।
करोडौँको चुलो निभ्यो, हाहाकार
छ सहर-बस्तीमा।

## वीरबलको खिचडी पाक्दैन

गीत :

✍ श्रमिक बराल

नपर्ख है, वीरबलको खिचडी पाक्दैन
कुरी नबस, हुटिट्याउँले आकाश थाम्दैन।
हार्नेको त यहाँ कतै कथा लेखिन्न
रित नै छ संसारको, सबै थोक भेटिन्न।
।।
रस मीठो उखुको, फल कतै देखिन्न
कथा लेख्ने कलमको आफ्नै व्यथा लेखिन्न।
सुगन्ध छ चन्दनमा, फूल कतै देखिन्न
रित नै छ संसारको, सबै थोक भेटिन्न।
।।
चमक राम्रो सुनको, तर बास्ना आउँदैन
कस्तुरीले आफ्नै सुवास किन चिन्दैन ?
उज्यालो छर्ने दियोले आफ्नै मुनि देख्दैन
रित नै छ संसारको, हारको कथा लेखिन्न।
।।
पानी छ सागरमा, तिर्खा त्यसले मेटिन्न
अटल छ हिमाल, शिखरमा फल भेटिन्न।
मान्छे चिन्न गाह्रो छ, अनुहारमा देखिन्न
रित नै हो संसारको, घाम र जूनसँगै भेटिन्न।
।।
रित नै छ संसारको, हारको कथा लेखिन्न
रित नै छ संसारको, सबै थोक भेटिन्न।

## जंगलको यात्री हुँ म

गीत :



✍ भूपेन्द्र घिमिरे

जंगलको यात्री हुँ म, जंगलै हो घर
जंगलभन्दा पर मेरो छैन संसार।
मिर्मिरेमा हावा चल्यो, कोइली करायो
मलाई त मेरै जीवन लाग्छ रमाइलो।
।।
कथा होइन मेरो जीवन, किताबमा पढेजस्तो
सपनामा पौडिएर महासागर तरेजस्तो।
म पनि त मानिस हुँ, हेर मलाई
बाँचेको छु जंगलजंगलमा, सधैं रमाई।
।।
मिर्मिरेमा हावा चल्यो, कोइली करायो
मलाई त मेरै जीवन लाग्छ रमाइलो।
।।
कस्तो हुन्छ जाडो-गर्मी, कस्तो हुन्छ भोक ?
परिश्रमी पाखुरी छन्, छैन केही रोग।
आधा शरीर ढाकेको छ, आधा छ नाङ्गै
सुख-दुःख जे भए नि, आमा नेपालकै।
।।
मिर्मिरेमा हावा चल्यो, कोइली करायो
मलाई त मेरै जीवन लाग्छ रमाइलो।

## जलाएर गयौ

गजल :



✍ रामशरण गैरे

शीतल छाया बन्छु भन्यौ, जलाएर गयौ।
जिन्दगीलाई उराठ बगर बनाएर गयौ।
।।
बिदाइका हात हल्लाउँदै तिमी टाढा भयौ
हेर्दाहेर्दै यी नजरबाटै तिमी हराएर गयौ।
।।
सँगै बाच्छु भन्यौ, तिमीसँगै मर्छु भन्यौ
केवल सम्झना मात्र दिलमा सजाएर गयौ।
।।
तिमीसँग संसार भुल्दै सपनाहरू बुनिरहेँ
लत्याउँदै चोखो माया अन्तै रमाएर गयौ।
।।
तिमीलाई सम्भी नरोएको कुनै पल छैन
लत्याउँदै मायाको संसार रिसाएर गयौ।
।।
तिमीलाई खुसी देख्न रुन्न भन्छु तर पनि
हरेक पल आँसुको सागरमै डुबाएर गयौ।

# यौनकथा : तिमीले कति अंक पायौ ?

**सुरेश राई**

टिङडिङ.. ढोकाको घण्टी बज्यो । गोपाल ढोकातर्फ लम्कियो । ढोका खोल्नु अगाडि आफ्नो कपाल मिलायो । टिसर्टको कलर ठीक गऱ्यो । एक पटक सरसरती आफूलाई नियाल्यो र ढुक्क हुँदै ढोका खोलिदियो । ढोकाबाहिर नीलो ट्र्याकसुट र सेतो क्यापमा छ फुट लम्बु मानिस ठिंग उभिएको थियो । 'ए मामा पो आउनु भएछ । ढोग गरें मामा,' गोपालले ढोगिदियो । 'जाऔं मामा भित्रै," दुवैजना बैठक कोठामा पसे । 'ए मामा पो !' गोपाल-की श्रीमती पनि आई र मामालाई ढोग गरिदिई ।

'अब त बिहे भाको पनि डेढ साल जति भो नि भान्जा ? अब त यसो भन्ट्याङभुन्टुङ पनि बनाउनु पर्छ है गाँठे !' गुरुमामाले बैठक कोठा नियाल्दै भने । गोपाल हाँस्यो मात्रै । बरु श्रीमतीतर्फ फर्केर भन्यो, 'मुना, जाऊ त कफी बनाएर ल्याऊ ।' 'हस् !' भन्दै मुना भान्सातिर लम्किई । त्यही बीचमा गोपालले मुनातर्फ हेर्दै आँखीभौं र औंलाका चालले केही कुरा इशारा गऱ्यो । मुनाले पनि दाहिने हातको चार औंला ठड्याएर देखाई । गुरुमामाले जोइपोइको यो अनौठो व्यवहार नदेखे झैं अभिनय गऱ्यो ।

*"बाबाममी खै त भान्जा ?"*

"उहाँहरू त १५ दिन जति-लाई गाउँ पो जानु भएको छ मामा । भोलि फिर्नुहुन्छ । साँझसम्म आइपुग्नु हुन्छ होला । ए..हो र ? लु ठीक गर्नु भएछ । यो काठमाडौंको प्रदूषण के विधि बढेको हो त ? स्वासै फेर्न पो गाह्रो छ यो शहरमा । दुई हप्ता भए पनि दिदीभेनाजुले शुद्ध हावा खाएर आउनु हुने भो ।" "हजुर मामा त्यै त । धूवाँ धूलो !" त्यसपछि मामा भान्जाको केहीबेर काठमाडौंको प्रदूषणको बारेमा गफ तन्कियो । तन्किएको गफ नेपाली राजनीति हुँदै रसिया-युक्रेन युद्धसम्म छोइयो । गफ र काम बीच यही त भिन्नता छ कि गफ्न निकै सजिलो कुरा हो । राजधानीको प्रदूषण, नेपालको राजनीति र विश्व घटनाको चर्चा सकिनै लाग्दा कफी पाक्यो र टेबुलमा आइपुग्यो । अर्थात् दुई कप कफी पाक्दा मान्छेले एक फन्को संसार गफैले घुमिसक्छ ।
केही बेर बात मारेर गुरुमामाले बिदा मागे ।

"लु भान्जा म पछि फेरि ममीहरूलाई भेट्ने गरी आउँछु । अहिलेलाई चाहिं लागें ।" गोपाल र मुनाले मामालाई बिदाइको नमस्कार टर्क्याए । बाहिर सडकमा निस्किएर गुरुप्रसादले आफ्नो मोटरसाइकल स्टार्ट गरे । मोटरसाइकल मूल सडक तर्फ बत्तियो । उनको मनमा भने अघिको कुरा खेल्न थाल्यो ।

"अघि भान्जाले के इशारा गरेका होलान् ? ...भान्जीबुहारीले चोर औंला देखाई....कफीमा चिनी कति चम्चा हाल्ने भनेर बात गरेका हुन् कि ?....कतै मैले सापटी चलाएको पैसाको कुरा त झिक्न खोजेका थिएनन् ?"

गुरुप्रसादले मनमनै महिना गन्यो, "भदौ, असोज, कात्तिक, मंसीर । हो त रहेछ । पैसा लिएको त ठ्याक्कै चार महिना भएछ । तर मैले त छ महिनाको भाखा राखेको थिएँ । त्यति जाबो ४० हजार रुपैयाँको लागि पनि जोईपोइ मिलेर त्यस्तो नाटक गरिरहनु पर्छ त ?" गुरुप्रसादलाई रिस उठेर आयो ।

गोपाल केही भन्नुभन्दा पहिले जोडजोडले आफैं हाँस्न थाल्यो । मुनाले "तपाईं चूप् लाग्नुस्" भन्दै गोपाललाई रोक्ने प्रयास गरी । तर, गोपाल रोकिएन । बोल्दै गयो, "चक्कु नचलाऊ चक्कुले हात काट्छ । भाजुराम घुम्न गए । पङ्खा चलाउँदा हावा आउँछ । तिमीले कति अङ्क पायौ ? यस्तै यस्तै पाठ पढेको अरे ।" आमालाई खासै हाँसो लागेन । हलुका मुस्कुराइदिइन् मात्र । तर गोपाल भने झन्झन् फुर्किंदै जिस्किइरह्यो, "तिमीले कति अंक पायौ ? तिमीले कति अंक पायौ ?" लाजले मुनाका गाला राताराता भए । नजर झुके । ऊ टाढाबाट हातले आफ्नो ओठ छोप्दै 'चूप् चूप्' भन्ने संकेत गरि-रही । टेलिभिजन हेरिरहेका चन्द्र बहादुरले छोरोलाई हकाऱ्यो, "बुहारी लाई नसता त गधा ! किन बेकारमा खिज्याउँछस् ?" गोपाल बल्ल चूप लाग्यो ।

वातावरणको शून्यता तोड्दै चन्द्रबहादुरले गोपालतिर फर्केर भन्यो, "अँ साँची, तेरो दिदीलाई धरान फोन गरेर सम्झा । भान्जाले पढाइमा राम्रो मार्क ल्याएन भनेर सारै पिट्छ रे । भिनाजुले मसँग गुनासो गर्दै थियो । भविष्यमा कै न कै गरेर खाइहाल्छ नि ! किन जाँचमा राम्रो अङ्क आएन भनेर बच्चालाई पिट्नुपऱ्यो ? कस्तो खालको आमा हो त्यो ?"

त्यसपछि माहोल थोरै गम्भीर भएर गयो । गोपालले टेबुलमा लडि-रहेको मोबाइल उठायो र बरण्डातिर लाग्यो । मोबाइलको टूँ..टूँ.. आवाज निकै लामोसम्म बजेपछि बल्ल उतापट्टिबाट स्त्री आवाज आयो, "हेल्लो, अँ भन् भाइ !"

"दिदी तँ आयुषलाई किन पिट्छस् बेकारमा ? उसले परीक्षामा पाएको अंकले जिन्दगीको निर्धारण गर्दैन नि ! आफै ठूलो हुँदै जाँदा बुझेर पढिहाल्छ त ! यदि पढेन भने पनि ऊ राम्ररी फूटबल खेल्ला । गीत गाउला । अथवा केही न केही गरि हाल्ला ! हरेक बच्चा आफैमा विशेष क्षमताको हुन्छ । तँलाई पनि सबै थाहै छ नि !"

दिदीभाइको तीस-चालीस मिनेट जति लामो कुराकानी भयो । कुराकानीको बीचबीचमा "यस्ले मेरो मास्सु खाइसक्यो" भन्दै सुँक्क-सुँक्क दिदी रोएको आवाज पनि दोहोरिइरह्यो ।

कामको सिलसिलामा गोपाल एक महिनाको लागि दामन जानुपर्ने थियो । भोलि त झिसमिसै प्रस्थान गर्नुपर्नेछ । त्यसैले मुनाको मन आज खिन्न रह्यो दिनभर ।

रातको खानपिन सकेर भान्साको सबै काम सकीवरी सबै आआफ्नो कोठामा सुत्न पसे । गोपालको पनि झोला, जुत्ता कपडा, ल्यापटप, अन्य कागजपत्रहरू सबैको तयारी सकियो । अब बाँकी रह्यो त केवल मुनासँग प्रेमको गहिरो तालमा डुब्ने काम ।

झ्यालको छेस्किनी लागेपछि, पर्दा खसेपछि र बत्ती झ्याप्प निभेपछि यी दुई यौवनाहरू बीचमा शब्दहरूको खासै संवाद भएन । बिछ्यौनामा सिधै ओठले ओठसँग, बीस औंलाले बीसै औंलाहरूसँग, सासले साससँग, छातीले छातीसँग सिधै आक्रामक संवाद गर्न थाले । यो खेलको नियम ज्यादै सजिलो थियो । बस आँखा चिम्लिदिए पुग्थ्यो र बाँकी सबै कारबाही त आफसे आफ भैहाल्ने थियो ।

तन्ना गुज्मुजिएर गज्याङगुजुङ भयो । सिरक सरेर कता गुजुल्टा पऱ्यो । अन्तत: सघन हावामा एक स्त्री र एक पुरुषको शरीरबाट निसृत रासायनिक सुगन्ध मिसिएर कोठा भरि फैलियो । यस्तो हुनु भनेको सन्तुष्टि र आनन्दको उपल्लो कोटीको अभिव्यक्ति सञ्चारित हुनु थियो । त्यहाँ परम तृप्तिको तारा खस्यो । भोलिपल्ट दामन पुगेर गोपालले काठमाडौं फोन लगायो "हेल्लो मुना ! अँ म पुगें है ।"

"लु भो भो । धेरै रोमान्टिक नहुनुस् । अफिसको काममा ध्यान दिनू । पछि अफिसको मूल्याङ्कनमा चैं जीरो अंक आउला नि फेरि," मुनाले कुरा छोट्याउन खोजी ।

गोपाल अगाडि बोल्दै गयो, "करियर, पढाइ जे जेमा जतिसुकै अङ्क प्राप्त भए पनि बेडमा श्रीमतीले पाएको अङ्कको मुख्य महत्व हुन्छ, बुझ्यौ ? यो संसारमा कति त्यस्ता श्रीमानहरू होलान् जसले आफ्नी श्रीमतीलाई समागमपछि तिमीले कति अंक प्राप्त गऱ्यौ भनेर सोध्लान् ? तिमी त भाग्यमानी रै छौ पोक्ची ! खूबै जान्नु भो !" मुनाले हाँस्दै फोन काटी ।

फोन काटिनासाथ गोपालको फोनमा टिङ्टिङ् टिङ्टिङ् म्यासेज आयो । उसले चेक गऱ्यो । गुरुप्रसाद मामाले सापटी भनेर लगेको चालीस हजार रुपियाँ फिर्ता गर्नु भएछ । डिपोजिट भएको म्यासेज रहेछ । "छ महिनालाई भनेर लिएको पैसा चारै महिनामा फर्काउनु भो त गुरुमामाले ! यो त अचम्मै भो त यसपालि ?" गोपालले मनमनै भन्यो । गुरुमामाको सम्झनाले गोपाललाई फेरि गत शनिवारको रोमान्टिक पलको याद दिलायो ।

त्यो दिन घरमा कोही नभएको हुनाले सम्पूर्ण स्वतन्त्रताको उपभोग गर्ने सुरमा थियो गोपाल ! घर खाली भएको मौकामा ऊ मध्य दिउँसै बैंसले मातियो । उसले मुनालाई बेडरूमको चुक्कुल लाउन दिएन । मुनाको शरीरमा कुनै वस्त्र रहन दिएन । उसले मुनालाई बेडरूममा मात्रै सीमित रहन दिएन । घरका सिँढीहरूमा, भान्सामा, प्यासेजमा उसले जताततै मुनालाई लखेट्यो । भागेको अभिनय मुनाले पनि शतप्रतिशत बखुबी निभाई ।

: समाप्त :

# राष्ट्रिय उत्पादनविपरीत सम्झौताहरूको पुनरावलोकन माग



**काठमाडौं/राष्ट्रियसभाका सांसद्हरुले कृषि आधुनिकीकरण, मल कारखाना स्थापना, अनुदानको दुरुपयोग नियन्त्रण तथा किसानलाई प्राकृतिक स्रोतमा पहिलो अधिकार सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबार सिंहदरबारमा बसेको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा उनीहरुले यस्तो ध्यानाकर्षण गराएका हुन् । मुलुकको जीडीपीमा कृषिक्षेत्रको योगदान अपेक्षाअनुसार हुन नसकेको भन्दै कृषि उत्पादन वृद्धि र बजार व्यवस्थापनमा सरकार गम्भीर बन्नुपर्नेमा सांसद्हरुको जोड छ ।**

**सांसद्हरुले देशभरका खेतीयोग्य जमिनको माटो कमजोर हुँदै गएको भन्दै रैथाने वीउ संरक्षण तथा किसानलाई गुणस्तरीय वीउको सहज वितरण सुनिश्चित गर्नुपर्ने बताए । बैठकमा नेकपा सांसद् कृष्णप्रसाद अधिकारीले देशको झण्डै आधा जनसंख्या कृषिमा निर्भर भए पनि कृषिप्रणाली अझै परम्परागत् अवस्थामै सीमित रहेको बताए । उनले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा कृषिक्षेत्रको योगदान जम्मा २४ दशमलव १२ प्रतिशत्मात्र रहेको उल्लेख गरे । जल, जंगल, जडीबुटी, जैविक विविधता तथा चरिचरणमा किसानको पहिलो अधिकार सुनिश्चित गर्दै उनीहरुलाई प्रोत्साहन गर्नुपर्नेमा उनले जोड दिए ।**

**उनले भने–हाम्रो देशको झण्डै आधा जनसंख्या कृषिमा निर्भर छ । तर, हाम्रो कृषिप्रणाली हाल पनि परम्परागत् कृषिभन्दा माथि उठ्न सकेको छैन । हामी कोशिस गर्दैछौं । तर, विकासको जुन आधार छ, त्यहाँसम्म हाम्रो प्रयत्न पुगेको छैन । हाम्रो मुलुकको जीडीपी हेर्दा पनि जम्मा २४ दशमलव १२ प्रतिशत्मात्र कृषिक्षेत्रको योगदान छ । कृषिमा एउटा निराशाजनक स्थिति छ । हामी आयातमा निर्भर छौं । पहिलो कुरो त जल, जंगल, जडिबुटी, जैविक विविधता र चरिचरणमा पहिलो अधिकार किसाको हुने गरी किसानहरुलाई प्रोत्साहन गर्नुपर्छ ।**

**नेकपा (एमाले) का सांसद् सोनाम गेल्जेनशेर्पाले कृषिक्षेत्रका समस्या समाधानमा संस्थागत् निरन्तरताको अभाव रहेको भन्दै मन्त्री फेरिँदा नीति परिवर्तन हुने प्रवृत्तिले दीर्घकालीन योजना प्रभावित भएको बताए । उनले रासायनिक मलको दीर्घकालीन समाधानका लागि मल कारखाना स्थापना आवश्यक रहेको उल्लेख गर्दै उत्पादन क्षमता वृद्धि, कृषि यान्त्रिकीकरण र प्रभावकारी बजारीकरणबिना किसानले उचित मूल्य पाउन नसक्ने उल्लेख गरे । भारतको तुलनामा नेपाली उत्पादन महंगो हुने अवस्थाप्रति पनि सरकारको ध्यान जानुपर्ने उनका धारणा छ ।**

**उनले भने–एउटा समस्या के भयो भने हाम्रोमा कुनै पनि समस्याको संस्थागत् समाधान हुन सकेन । एउटा मन्त्री आएपछि एउटा निर्णय गर्नुहुन्छ । अर्को मन्त्री आएपछि त्यो निर्णयले निरन्तरता पाउँदैन । मलको लागि कारखाना नै बनाएर अगाडि जानुपर्छ जस्तो मलाई लाग्छ । हामीले उत्पादन क्षमतालाई बढाउनुपर्छ । त्यसपछि हामीले यसलाई बजारीकरण गर्नुपर्छ । बजारीकणाका लागि जबसम्म हामी कृषिक्षेत्रलाई यान्त्रिकीकरण गर्दैनौं, तबसम्म हाम्रो उत्पादन पनि हामीले बजारमा पुऱ्याउन तथा उचित मूल्यमा वृद्धि गर्न सक्दैनौं । त्यसकारण हरेक समान नेपालको भन्दा भारतको सस्तो हुन्छ । यसतर्फ सरकारको ध्यान जानुपर्छ ।**


**नेपाली कांग्रेसका सांसद् नारायणदत्त मिश्रले अनुदानको नाममा ठूलो बजेट दुरुपयोग भएको आरोप लगाउँदै कोल्डस्टोर निर्माणका लागि १२–१४ करोड लगिएको भए पनि हालसम्म संरचना निर्माण नभएको बताए । उनले रासायनिक मल वितरण प्रक्रियामा समेत अनियमितता हुने गरेको उल्लेख गर्दै कागजमा मल बुझेको दस्तखत हुने तर किसानले मल नपाएको गुनासो गर्ने अवस्था रहेको उल्लेख गरे । यस्ता विकृति हटाउन सरकार गम्भीर बन्नुपर्ने उनको जोड छ ।**

**उनले भने–अनुदानको नाममा बजेटको यो देशमा यतिधेरै दुरुपयोग भएको छ कि कोल्डस्टोर बनाउने भनेर १२–१४ करोड रुपियाँ मान्छेहरुले लगेका छन् । हालसम्म कोल्डस्टोर बनेका छैनन् । उनीहरुले पैसा फिर्ता गरे कि गरेनन् भन्नेबारे मलाई केही थाहा छैन । गाउँमा कृषि मल पठाउने प्रक्रियामा पनि ठाउँठाउँमा समस्या हुने गरेको मैले देखेको छु ।**

**रासायनिक मल बुझ्ने मान्छेले बुझेको दस्तखत गरिदिन्छ । तर, किसानहरुले मल नपाएको गुनासो गरिरहन्छन् । मलाई लाग्छ बुझ्ने मान्छेले नै यसमा अन्याय गरेर विकृति फैलाउने गरेका छन् । यी विकृति हटाउनतर्फ सरकारको ध्यान जाओस् भन्ने मेरो चाहना छ । बैठकमा अधिकांश सांसद्ले किसान तथा राष्ट्रिय उत्पादनको हितविप–रीत रहेका अन्तर्राष्ट्रिय सम्झौताहरुको पुनरावलोकन गर्न माग गरे ।**

## इनड्राइभको नयां वर्ष क्याम्पेन

# 'राइड मोर, विन मोर'




काठमाडौं/विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले नेपाली नयाँ वर्ष २०८३ को अवसरमा 'राइड मोर, विन मोर!' क्याम्पेन ल्याएको छ । यो क्याम्पेन मार्फत् प्रयोगकर्ताले इनड्राइभ एपमार्फत् राइड बुक गर्दा आकर्षक पुरस्कार जित्ने अवसर पाउनेछन् ।

नयाँ वर्षको समयमा परिवार र साथीभाइसँग भेटघाट गर्न धेरै मानिसहरू यात्रा गर्ने भएकाले, इनड्राइभले हरेक यात्रालाई अझ रमाइलो र लाभदायक बनाउने उद्देश्यले यो क्याम्पेन ल्याएको हो । यो क्याम्पेन बैशाख २१ गतेसम्म सञ्चालन हुनेछ ।

क्याम्पेनअन्तर्गत १ राइड बराबर १ लक्की (ड्र टिकट) (जति धेरै राइड, उति धेरै जित्ने मौका) हुनेछ भने मेगा गिभअवेमा सहभागी हुनका लागि राइड सकिएपछि प्रयोगकर्ताले खल्ती एपमार्फत् प्रयोगकर्ता खल्तीबाट ड्राइभर खल्तीमा कम्तीमा २ वटा कारोबार गर्नुपर्ने कम्पनीले जनाएको छ ।

यो क्याम्पेनमा सहभागिहरुले बिभिन्न पुरस्कारहरूको दावी गर्न सक्नेछन् जसअनुसार १० वटा अनर एक्स ७ डि स्मार्टफोन जित्न सक्ने छन् । यसभन्दाबाहेक एक हजार जनालाई १५ प्रतिशत क्यासब्याक (अधिकतम रु. ५०, एक हजार जना-लाई रु.२०० क्यासब्याकसहित एयर लाइन प्रोमो कोड र सयजनालाई खल्ती प्रो मा अपग्रेड गरिने कम्पनीले जनाएको छ ।

इनड्राइभ नेपालकी प्रतिनिधि रीता पोखरेलले भनिन् "हामी प्रयोगकर्तालाई आफ्नो चालक छान्ने स्वतन्त्रता र उचित भाडा तय गर्ने अवसर दिनेछौं । 'राइड मोर, विन मोर' क्याम्पेन सफल हुनेमा आशा-वादी हुदै अझ धेरै मानिसलाई हाम्रो सेवाको अनुभव गराउन चाहन्छौं, जति धेरै राइड गर्नुहुन्छ, उति धेरै जित्ने अवसर पाउनुहुनेछ ।"

खल्तीका चिफ ग्रोथ अफिसर सञ्जिवचन्द्र न्यौपानेले "इनड्राइभ-सँग सहकार्य गर्न पाउँदा हामी खुसी छौं, डिजिटल भुक्तानीलाई दैनिक यात्रासँग जोडेर हामी यात्रालाई अझ सहज, सरल र सुरक्षित बनाउँदैछौं ।"

यो क्याम्पेन नेपालभरिका सबै प्रयोगकर्ताका लागि खुला रहेको कम्पनीले जनाएको छ । यसमा सहभागी हुन क्याम्पेन अवधिभर इनड्राइभ एपमार्फत् राइड बुक गरे मात्र पुग्छ, लक्की ड्र हरेक हप्ता हुनेछ र विजेताहरू इनड्राइभका आधिकारिक फेसबुक, इन्स्टाग्राम र टिकटक पेजमार्फत् सार्वजनिक गरिने पोखरेलले जानकारी गराईन् ।

# श्रमस्वीकृति रोकिएपछि घटे विदेश जाने

**काठमाडौं/नयाँ श्रमस्वीकृति रोकिएपछि विदेश जाने घटेका छन् । अमेरिका–इजरायल र इरान युद्धको असरको कारण नयाँ श्रमस्वीकृति रोकिएको हो । तीन देशबीचको युद्ध असर मध्यपूर्वका देशमा परेको छ । सोही कारण नेपालका लागि प्रमुख श्रम गन्तव्य रहेका खाडीका १२ देशमा जाने कामदारको संख्या घट्न थालेको हो । युद्धको असर बढ्दै गएपछि सरकारले ती देशमा जाने नेपाली कामदारको नयाँ श्रमस्वीकृति रोकेको हो ।**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले फागुन १७ गते साउदी अरब, संयुक्त अरब इमि–रेट्स (युएई), कतार, कुवेत, बह–राइन, ओमान, इराक, यमन, जोर्डन, लेवनान, टर्की र इजरायल गरी १२ देशमा तत्काललाई नयाँ श्रमस्वीकृति स्थगित गरेको छ । यी मुलुकमा जाने नेपालीको संख्या कम हुनुमा सबभन्दा ठूलो कारण श्रमस्वीकृति रोकिनु हो । वैदेशिक रोजगार विभागका अनुसार गत आवको तुलनामा चालु आवको फागुन र चैतमा सबभन्दा कम श्रमस्वीकृति जारी भएको छ । गत वर्ष फागुनमा ६९ हजारको श्रमस्वीकृति जारी भएकोमा चालु आवमा ५३ हजारमा झरेको छ । गत वर्षको चैतमा ७० हजार श्रमस्वीकृति जारी भएकोमा चालु आवमा ६२ हजार हाराहा–रीमात्र छ । दुई महिना लामो संकटका कारण गत वर्षको दुई**




**महिनाका तुलनामा यस वर्ष २४ हजार कम श्रमस्वीकृति जारी भएका छन् ।**

**चालु आवको साउनमा ६८ हजार १ सय १०, भदौमा ६७ हजार ९ सय ७२, असोजमा ६४ हजार ६ सय ३४ र कात्तिकमा ७३ हजार ९४ जनाले श्रमस्वीकृति पाएका थिए । मंसिरमा ६५ हजार ७ सय ५ र पुसमा ६२ हजार ५ सय ५९ जनाले श्रमस्वीकृति लिएर विदेश गएको देखिन्छ । मध्यपूर्व युद्धको असरका कारण फागुनमा ५२ हजार ९ सय ४४ युवाले मात्र श्रमस्वीकृति लिएका छन् । माघसम्म प्रमुख तीन श्रम गन्तव्यमध्ये युएईमा प्रतिमहिना १५ हजार दुई सय जना जाने गरेकोमा फागुनमा ११ हजार ४ सय ९२ र चैतमा यस संख्या ११ हजार ४ सय ६३ मात्र भएको देखिन्छ ।**

**कतारमा माघमा ११ हजार ३ सयले श्रमस्वीकृति लिएकोमा फागुनमा घटेर ६ हजार ७ सय ५१ र चैतमा ८ हजार ९ सय ५९ कायम भएको छ । साउदी अरबमा माघसम्ममा औसत ११ हजार एक सयले श्रमस्वीकृति लिएकोमा फागुनमा यसको आधा ६ हजार २ सय २५ र चैतमा ८ हजार ९ सय २० लेमात्र श्रमस्वीकृति लिएका थिए । मध्यपूर्वको संकट लामो समय रहेमा वैदेशिक रोजगारीमा जाने संख्या घट्दा यसको असर रेमिटेन्समा देखिनसक्ने भएको छ । मध्यपूर्वका मुलुकमध्ये सबभन्दा बढी नेपाली युएईमा ७ लाख रहेको र क्षेत्रीय हिसाबले सबभन्दा बढी जोखिममा रहेको इजरायलमा ६ हजार ५ सय नेपाली छन् ।**

**इजरायलमा रहेका ६ हजार ५ सयमध्ये धेरैजसो तेल अभिभ, जेरुसेलम, हाइफाजस्ता जोखिमपूर्ण क्षेत्रमा कार्यरत् छन् । ओमानमा रहेका २५ हजारमध्ये ८० प्रतिशत् बढी महिला घरेलु कामदारका रुपमा रहेको पाइएको छ । कतारमा रहेका ३ लाख ५७ हजार ९ सय १३ सरकारी क्षेत्र, अर्धसरकारी क्षेत्र, निजी कम्पनी तथा व्यक्तिगत् स्पोन्सरमा काम गरिरहेका छन् । बहराइनमा २७ हजार ७ कामदार भिसा र ९ सय ६ पारिवारिक तथा भिजिट भिसामा रहेको पाइएको छ । साउदी अरबमा रहेका ३ लाख ८४ हजार ८ सय ६५ मध्ये महिला ३ हजार ५ सय ४१ र ३ लाख ८० हजार पुरुष छन् ।**

# हिमालमा हिम सञ्चिति प्रणाली कमजोर



**काठमाडौं/हिन्दुकुश हिमालय क्षेत्रमा हिम आवरण दीर्घकालीन औसतभन्दा २७.८ प्रतिशत् घटेको देखिएको छ । यसले गत वर्षको न्यूनतम् कीर्तिमान तोड्दै लगातार चौथो वर्ष औसतभन्दा कम हिम स्थायित्व देखाएको छ । यो तथ्य अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) द्वारा सार्वजनिक गरिएको स्नो अपडेट–२०२६ प्रतिवेदनमा उल्लेख छ ।**

**यस निरन्तर गिरावटले विश्वकै उच्च हिमाली क्षेत्रमा मौसमी हिम सञ्चिति प्रणालीगत्रुपमा कमजोर हुँदै गएको संकेत गर्दछ । जसले यस क्षेत्रबाट उत्पन्न हुने १२ प्रमुख नदी बेसिनमा निर्भर करिब दुई अर्ब नागरिकको जलसुरक्षामा तत्काल र बढ्दो खतरा निम्त्याएको छ । तीमध्ये १० बेसिनमा हाल औसतभन्दा कम हिम स्थायित्व छ । मेकङ, टारिम र तिब्बती पठारमा २४ वर्षको निगरानी अवधिमै सबैभन्दा न्यूनस्तर रेकर्ड गरिएको छ । 'हामीले देखिरहेको कुरा भनेको एक निरन्तर प्रवृत्ति हो, जहाँ मौसमी हिम सञ्चिति वर्षेनि घट्दै गएको छ,' स्नो अपडेट–२०२६ का लेखक शेर मोहम्मदले भने–यस तथ्यांकले एक महत्वपूर्ण मोड देखाउँछ, १२ मध्ये १० बेसिन सामान्यभन्दा तल छन् र केहीले दुई दशककै न्यूनतम् स्तर छोएका छन् ।**

**हेलमण्ड बेसिनमा वार्षिक बहावको ७७.५ प्रतिशत् र आमु दर्यामा ७४.४ प्रतिशत् हिउँ पग्लनबाट प्राप्त हुने भएकाले यस वर्षको हिम कमीले पिउने पानी, सिचाई, जलविद्युत् र पारिस्थितिक प्रणालीमा प्रत्यक्ष असर पार्ने प्रतिवेदनमा उल्लेख छ । यसले विशेषगरि पानी आपूर्ति र बाढी व्यवस्थापनमा चिन्ता बढाएको छ । घट्दो हिउँ पग्लनले वसन्तकालीन बहाव घटाउनेछ र तल्लोतटीय क्षेत्रमा पानी अभाव तीव्र बनाउनेछ । इण्डस, हेलमण्ड र आमु दर्या नदी बेसिनका किसानले बाली रोप्ने प्रारम्भिक मौसममै सिचाई अभावको सामना गर्नेछन् । मेकङ, याङ्त्से (जहाँ थ्रीगर्जेज ड्याम सञ्चालनमा छ) र व्रह्पुत्र क्षेत्रमा जलविद्युत् उत्पादन पनि प्रारम्भिक गर्मीयाममा सामान्यभन्दा कम हुने अपेक्षा गरिएको छ । यस संकटलाई अझ गम्भीर बनाउँदै लगातार कम हिमपात भएका वर्षहरुले भुजल र माटोको आर्द्रता पुनर्भरण हुन नदिएकाले भविष्यमा खडेरीको जोखिम बढेको छ । 'हरेक सुक्खा अवधिमा कडा प्रभाव पार्नेछ,' प्रतिवेदनमा भनिएको छ–यी अन्तर सम्बन्धित समस्यामा क्षेत्रीय सहकार्य अब अत्यन्त आवश्यक भएको छ । यसमा आकस्मिक प्रतिक्रिया होइन, वैज्ञानिक आधारमा सक्रिय व्यवस्थापनतर्फ सोच्नुपर्छ ।**


**प्रतिवेदनका अनुसार केबल दुई नदी बेसिनमा मात्र औसतभन्दा बढी हिम स्थायित्व देखिएको छ । गंगा बेसिनमा १६.३ प्रतिशत् र इरावडी बेसिनमा २१.८ प्रतिशत् बढी हिम स्थायित्व देखिएको छ । यद्यपि, यसले स्थानीयरुपमा केही राहत दिए पनि क्षेत्रीय संकटलाई सन्तुलन गर्न पर्याप्त छैन । यसविपरीत मेकङमा ५९.५ प्रतिशत्, तिब्बती पठारमा ४७.४ प्रतिशत् र सालविनमा ४१.८ प्रतिशत् हिम स्थायित्वको कमी देखिएको छ । इसिमोडले राष्ट्रिय तथा स्थानीय निकायलाई तत्काल खडेरी तयारी तथा प्रतिक्रिया योजना सक्रिय गर्न, वास्तविक समय हिम तथ्यांकलाई जल व्यवस्थापनमा समावेश गर्न, पानीसञ्चय र दक्षता उपायमा लगानी बढाउन तथा अन्तर्देशीय जल सहकार्य सुदृढ गर्न आग्रह गरेको छ ।**







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# आत्महत्यासम्वन्धि समाचार लेखनमा जिम्मेवार बनौं



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरमा आत्महत्यासम्बन्धि समाचारलेखनमा जिम्मेवार बन्न सबै सञ्चारकर्मीलाई आग्रह गरिएको छ।

आत्महत्याका समाचारलाई बिशेष प्राथमिकताकासाथ प्रस्तुत नगर्न सरोकारवालाहरुले सञ्चार कर्मीहरुलाई आग्रह गरेका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजना तथा पत्रकार महासंघ मकवानपुर शाखाको समन्वयमा शुक्रबार आयोजित अभिमुखीकरण कार्यक्रममा यस्तो अनुरोग गरिएको हो ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालयका प्रमुख किरण श्रेष्ठले आत्महत्यासम्बन्धि घटनालाई सनसनीपूर्ण वा सामान्यजस्तो देखिने गरी प्रस्तुत नगर्न सञ्चारकर्मीहरुलाई आग्रह गरेका हुन् । उनले यस्ता घटनालाई कुनै एकमात्र समाधानको रूपमा चित्रण गर्नु गलत हुने उल्लेख गर्दै तथ्यांक र सूचनालाई सन्तुलित, सावधानीपूर्वक र जिम्मेवारढंगले प्रस्तुत गर्नुपर्नेमा जोड दिए ।

श्रेष्ठका अनुसार रिपोर्टिङ गर्दा आत्महत्यामा प्रयोग भएका साधन वा तरिकाबारे विवरण दिनु हुँदैन । साथै, घटना भएको स्थानको अत्याधिक विवरण पनि सार्वजनिक नगर्न सुझाव दिइयो । उनले यस्ता सामग्रीले पाठक मात्र होइन, सञ्चार -कर्मी स्वयंलाई समेत नकारात्मक असर पार्न सक्ने भएकाले सतर्क रहन आग्रह गरेका थिए ।

तथ्यांकअनुसार, चालु आर्थिक वर्षमा हालसम्म मकवानपुरमा ३१ महिला र ४८ पुरुष गरी ७९ जनाले आत्महत्या गरेका छन् । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा १४० जना र २०८१/८२ मा १३० जनाले आत्महत्या गरेका थिए। प्रदेशगत रूपमा गत वर्ष कोशी प्रदेशमा सबैभन्दा बढी २१ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ४ प्रतिशत घटना दर्ता भएका छन्। बागमतीमा २०, लुम्बिनीमा १९, मधेशमा १८ तथा गण्डकी र सुदूरपश्चिममा ९ प्रतिशत घटना भएको तथ्य प्रस्तुत गरियो ।

राष्ट्रियस्तरमा हेर्दा नेपालमा दैनिक औसत २० जनाले आत्महत्याका कारण ज्यान गुमाउने गरेका छन्। गत आर्थिक वर्षमा मात्र ७ हजार ५५ जनाको मृत्यु आत्महत्याका कारण भएको थियो । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०२० अनुसार ६.५ प्रतिशत वयस्क र ३.९ प्रतिशत किशोरकिशोरीमा आत्महत्यासम्बन्धी सोच देखिएको छ ।

सरकारले आत्महत्या रोक थामका लागि २४सै घण्टा सञ्चालन हुने ११६६ नम्बरको हेल्पलाइन सेवा उपलब्ध गराएको जानकारी पनि कार्यक्रममा दिइयो ।

कार्यक्रममा पत्रकार महासंघ मकवानपुर शाखाका अध्यक्ष बालकृष्ण अधिकारी, जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, पूर्व अध्यक्ष राममणि दाहाल लगायत सञ्चार कर्मीहरुको सहभागिता थियो ।

# आधा तौलको सिलिन्डरका कारण दैनिक ६० लाख अतिरिक्त लागत

काठमाडौं/पूर्णक्षमता (१४.२ किलो) को सिलिन्डर कार्यान्वयनमा नआउँदा ग्यास उद्योगीले दैनिक ६० लाख ५० हजार अतिरिक्त लागत खर्च व्यहोर्दै आएका छन्। यो रकम बराबर ग्यास बोटलिङ तथा रिफिलिङ प्लान्ट उद्योगीले दैनिकरुपमा घाटा व्यहोर्दै आएको नेपाल एलपी ग्यास उद्योग संघले जनाएको छ। यसबाहेक पूर्णक्षमताको ग्यास सिलिन्डर रिफिलिङ हुन नपाउँदा उद्योगीले बुलेटको डिटेन्सन चार्जबापत् दैनिक ५ हजार रुपियाँ छुट्टै व्यहोर्नु परेको छ ।

संघ अध्यक्ष दिवान चन्दले हाल बजारमा चलनचल्तीमा रहेको ७.१ किलो तौल भएको सिलिन्डरका कारण उद्योगी दुईतर्फीरुपमा घाटामा पुगेको जानकारी दिए। 'हामी ग्यास उद्योगी दोहोरो घाटा व्यहोर्न बाध्य भएका छौं, १४.२ तौलको उत्पादन गर्न जति लागत खर्च पर्छ, त्यति नै लागत खर्च ७.१ किलो उत्पादन गर्न पनि लाग्दै आएको छ,' अध्यक्ष चन्दले भने–पहिले १४.२ तौलको उत्पादन गर्न एक पटकमात्र लागत खर्च लाग्थ्यो, ।

तर हाल ७.१ किलो तौलको दुई पटक उत्पादन गर्दा दुई पटक लागत खर्च लागेर उद्योगी ठूलो घाटामा पुगेका छन् । पहिले १४.२ किलो तौलको एउटा सिलिन्डर ढुवानी गर्दा ४५ रुपियाँ खर्च आउँथ्यो भने हाल आधा तौलको सिलिन्डर ढुवानी गर्न नै ४५ रुपियाँ लागि–रहेको छ। यसरी ७.१ किलो तौलको सिलिन्डर दुई पटक बजारमा पठाउँदा ४५ को साटो ७० रुपियाँ ढुवानी खर्च लागेको उनको भनाइ छ। उनका अनुसार आधा तौल (७.१ किलो) को सिलिन्डरका कारण उद्योगीले ४५ दिनसम्ममा गरेर २५ करोड ४१ लाख बराबर घाटा व्यहोरिसकेका छन्।

'अझै घाटा उठाउनै नसक्ने अवस्था आएपछि हामीले थप घाटा खाएर आधा तौलको सिलिन्डर उत्पादन गर्न नसक्ने विषय नेपाल आयल निगमलाई जानकारी गराइसकेका छौं। निगमले चाँडै यस विषयलाई टुंगो लगाउन नसके हामी आफैं पूर्ण तौलको सिलिन्डर उत्पादन गर्न बाध्य हुनेछौं भनेर निगम व्यवस्थापनलाई जानकारी दिएका थियौं,' चन्दले भने ।

आधा तौल सिलिन्डरका कारण हाल प्रतिसिलिन्डर ढुवानी खर्च ४५ रुपियाँ तथा बिजुली, सिलिन्डरको भल्भ, अप्रेसन कस्ट, लेबर खर्च, हाइड्रोस्टेटिक टेस्ट, सेफ्टी क्याप र क्याप सिलतर्फ १० रुपियाँ गरी प्रतिसिलिन्डर उत्पादन गर्दा ५५ रुपियाँ घाटा भइरहेको चन्दले दाबी गरे । उनका अनुसार पछिल्लो समयमा सरकारले सार्वजनिक सवा–रीसाधन र ढुवानीसाधनको ढुवानी भाडावृद्धि गर्दै गर्दा आन्तरिकरुपमा ग्यास सिलिन्डर ढुवानी गर्ने साधनको भाडा वृद्धि भएको छैन। यसले समेत ग्यास उद्योगी ठूलो घाटा व्यहोर्न बाध्य भएको उनको भनाइ छ । उद्योगीले ७.१ केजीको सिलिन्डर सुरु गरेयता डिजेलको मूल्य प्रतिलिटर ९५ रुपियाँसम्म बढिसकेको तर ढुवानी भाडा पुरानै दरमा रहेको गुनासो गरेका छन् । आयल निगमले तेल बोक्ने ट्यांकरको हकमा हरेक १५ दिनमा भाडा समायोजन गर्ने गरे पनि ग्यासको ढुवानीमा भने यस्तो व्यवस्था लागु नगरेको उनीहरुको आरोप छ। 'अन्यको हकमा ढुवानी भाडावृद्धि हुने तर हाम्रो अत्यावश्यक सेवाको हकमा बढेको ढुवानी भाडा लागु नहुने गरी राज्यले विभेद गऱ्यो,' उनले भने ।

नेपालमा दैनिक १ लाख १० हजार सिलिन्डर खपत हुँदै आएको छ । पश्चिम एसियामा भइरहेको युद्धको प्रभाव र गत माघदेखि नेपालमा ग्यास बजारमा भएको असहज परिस्थितिलाई मध्यनजर गर्दै नेपाल आयल निगमले फागुन २९ गतेदेखि लागु हुने गरी ७.१ किलो तौलको सिलिन्डर उत्पादन गर्न र बिक्री गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको थियो । नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले पूर्ण तौलको सिलिन्डरमा जाने विषयमा प्रारम्भिक चरणमा छलफल भइरहे पनि टुंगो नलागेको बताए ।

'हाल आधा तौलको सिलिन्डरको कारण बजार पूर्णरुपमा सहज भएको छ, ग्यासको लागि कहींकतै लाइन बस्नुपर्ने र नपाएको जस्ता समस्या समाधान भएको छ,' उनले भने–पश्चिम एसियामा भइ–रहेको युद्धको प्रभाव कम भइसकेको छैन । यस्तो अवस्थामा फेरि पूर्ण तौलमा जाँदा फेरि पनि बजारमा ठूलो लाइन लाग्ने समस्या सिर्जना हुने भएकाले यस विषयमा सरकार बाट प्राप्त निर्देशनअनुसार उपयुक्त नीति कार्यान्वयनमा ल्याउँछौं । नेपालमा हाल मासिक ४५ हजार देखि ४६ हजार मेट्रिकटन एलपी ग्यास खपत हुने गरेको छ ।

संघ पूर्वअध्यक्ष गोकुल भण्डारीका अनुसार नेपालमा भार तको प्रमुख ४ स्थान बरौनी, हल्दिया, पारादीप र मथुरास्थित आईओसीको रिफाइनरीबाट एलपी ग्यास आपूर्ति हुँदै आएको छ । काठमाडौंबाट ६ सय किलोमिटर दुरीमा रहेको बरौनी रिफाइनरी, १ हजार २२ किलोमिटर दुरीमा रहेको कोलकाता नजिकको हल्दिया रिफाइनरी, २ हजार ६ सय किलोमिटर दुरीमा रहेको ओडिसा राज्यको पारादीप रि फाइनरी र १ हजार ४० किलोमिटर दुरीमा रहेको दिल्लीनजिकको मथुरा रिफाइनरीबाट ग्यास आपूर्ति हुँदै आएको छ।

सबै प्रक्रिया पूरा गरी सबभन्दा नजिकको बरौनीबाट ग्यास बोकेर नेपालसम्म आइपुग्न एउटा बुलेटलाई १७ दिन लाग्छ । महिनामा एउटा बुलेटले बरौनीबाट ३ ट्रिप ग्यास ढुवानी गर्छ । हल्दियाबाट एउटा बुलेटले महिनामा २ ट्रिप, पारादीप बाट एउटा बुलेटले महिनामा २ र मथुराबाट एउटा बुलेटले २ ट्रिप ग्यासको ढुवानी गर्दै आएको छ । नेपालमा दैनिक १ हजार ५ सय टन एलपी ग्यास ढुवानी गर्न ८० वटा बुलेट प्रयोग हुँदै आएका छन्। भारतका १० जना व्यवसायीका ६ सय ५० भन्दा बढी भारतीय नम्बर प्लेटका बुलेटले नेपालमा ग्यास ढुवानी गर्दै आएका छन्।

# १७ चिकित्सकको लाइसेन्स खारेज

काठमाडौं/नेपाल मेडिकल काउन्सिलले एकै पटक १७ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ । काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १७ जना चिकित्सक को लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिष्ट्रार डा. सतिश कुमार देवले जानकारी दिए। उनले नेपाली नागरिकता त्यागी विदेश राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताए । उनले ती चिकित्सकको दर्ता किताबबाट नाम हटाइएको बताए ।

'नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १७ जना चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज गर्ने निर्णय भएको' उनले भने । उनका अनुसार यसरी लाइसेन्स खारेजीमा पर्ने चिकित्सकमा डा. शर्मिला गुरुङ, डा. रोशन भुसाल, डा. मोती गुरुङ, डा. देवराज रेग्मी, डा. मेरिना गुरुङ, डा. नीरञ्जनदेव पाण्डे, डा. रोजन केसी, डा. ममता गुरुङ, डा. राजीव हमाल, डा. सलुजासिंह थारुलगायत छन्। डा. सुजना केसी, डा. जोस्ना शाही, डा. मनिषा हमाल, डा. सुप्रिया शाक्य, डा. इच्छा न्यौपाने, र डा. तुसार सरवजना छन्। उनीहरुले पोर्चुगाली, क्यानेडियन, भारतीय, अष्ट्रेलियन, हङडलगायत देशको नागरिता लिएका छन्।

# हिरासतभित्र मृत्यु घटनाको छानबिन गर्न समिति



सन्देश संवाददाता

काठमाडौं/प्रहरी हिरासतमा मृत्यु भएका सिन्धुलीको सुनकोशी गाउँपालिका–३, जुम्लीडाँडाका २३ वर्षीय श्रीकृष्ण बिकको शव पोस्टमार्टमका लागि काठमाडौंको टिचिङ हस्पिटल पठाइएको छ । घटनाको निष्पक्ष छानबिनका लागि प्रहरी नायव महानिरीक्षकको नेतृत्वमा समिति गठन भएपछि मृतकका परिवार शव पोस्टमार्टम प्रक्रिया अगाडि बढाउन सहमत भएका हुन् ।

शव पोस्टमार्टमका लागि काठमाडौं पठाइएको सिन्धुली–२ बाट निर्वाचित सांसद् आशीस गजुरेलले जानकारी दिए। छानबिन समितिले पोस्टमार्टम रिपोर्टलगायत घटनासँग सम्बन्धित विषयहरुको छानबिन गरी सत्य, तथ्य पत्ता लगाइ पीडित पक्षलाई न्याय दिने सांसद् गजुरेलले बताए । मृतक बिकलाई जबर्जस्ती करणी मुद्दाको अनुसन्धानका क्रममा प्रहरीले नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय खुर्कोटको हिरासतमा राखिएको थियो । बैशाख ७ गते इलाका प्रहरी कार्यालय खुर्कोटका हिरासत कक्षको शौचालयमा उनले लगाएको सर्टको सहायताले झुण्डिएको अवस्थामा फेला परेको र उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरी हिरासतमै युवकको मृत्यु हुनु शंकास्पद् भएको भन्दै मृतकका आफन्तले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही हुनुपर्ने माग गर्दै चार दिनदेखि जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा धर्ना दिएका थिए । बिहीबार साँझदेखि शुक्रबार दिउँसोसम्म राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद् खगेन्द्र सुनार, रिमा बिश्वकर्मा र गजुरेलल गायत सांसद् र मृतक युवकका आफन्तहरुले प्रशासन कार्यालयअगाडि घटनाको छानबिनका लागि उच्चस्तरीय समिति गठन हुनुपर्ने, दोषीलाई कार बाही हुनुपर्ने माग राख्दै धर्ना बसेका थिए । मृतकका परिवारहरुसँगै सांसद्हरु पनि धर्नामा बसेपछि नेपाल प्रहरी प्रधान कार्यालयले युवकको मृत्यु भएको घटनाबारे छानबिन गर्न राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका प्रहरी नायव महानिरीक्षक दिनेशकुमार आचार्यको संयोजकत्वमा ४ सदस्यीय समिति गठन गरेको हो ।

समिति सदस्यहरुमा प्रहरी उपरीक्षकहरु रवीन्द्रनाथ पौडेल, इन्द्रजीत सुनार, प्रेम रेग्मी र प्रहरी नायव निरीक्षक राजेश्वर सापकोटा छन् । समितिलाई उक्त घटनाको यथार्थ तथा वस्तुनिष्ठ छानबिन गरी प्रतिवेदन पेश गर्न ७ दिन म्याद दिइएको छ । मृतकका परिवारले घटनाको न्यायीक छानबिन गरि दोषीलाई कारबाही माग गरेका छन्। धर्नामा बसेका सांसद्हरुले सिन्धुलीका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, प्रहरी उपरीक्षक लालध्वज सुबेदी, इलाका प्रहरी कार्यालय खुर्कोटका इन्स्पेक्टर, ड्युटी कमाण्डरहरुको लापरबाहीले प्रहरी हिरासतमै युवकको मृत्यु भएको भन्दै तत्काल निलम्बन गरी छानबिन गर्नुपर्ने माग गरेका थिए ।

मृतक युवककी आमा विन्दामाया बिकले छोराले आत्महत्या नगरी प्रहरीले शारीरिक र मानसिक दबाब दिएर कुटपिटसमेत गरेको दाबी गर्दै न्याय माग गरेकी छन् । यसअघि उक्त घटनालाई लिएर छानबिन गर्न भन्दै सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरिएको थियो । बिकले खोटाङ निवासी मगर थरकी १८ वर्षीया किशोरीसँग प्रेमविवाह गरेको र विवाह सम्बन्ध छुटाउनका लागि बालिका पक्षले बलात्कार मुद्दा दर्ता गरेको बताइएको छ। बालिका पक्षले सातदोबाटो प्रहरी वृत्त काठमाडौंमा दिएको उजुरीपछि प्रहरीले पक्राउ गरी खुर्कोट प्रहरीको जिम्मा लगाएको थियो ।

# राति अवेरसम्म डान्स बार सञ्चालन गर्ने ४ जना पक्राउ



सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्ला प्रहरी कार्यालय मकवानपुरले राति अबेरसम्म डान्स बार तथा दोहोरी साँझ सञ्चालन गरेको आरोपमा ४ जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार शुक्रबार बार राति करिब १ बजेको समयमा नगर क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न डान्स बार तथा दोहोरी साँझहरूमा अनुगमन गर्दा बन्द गर्न अटेर गरेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको हो ।

पक्राउ पर्नेहरूमा हेटौंडा-१० स्थित ब्लुमुन डान्स बारमा कार्यरत वर्ष २० का महेन्द्र गोले, हेटौंडा-४ स्थित लेवल अप डान्स बारमा कार्यरत वर्ष २३ का संयोग सुनार, हेटौंडा-१० स्थित आरआरएस दोहोरी साँझमा कार्यरत वर्ष २५ का सुजन घलान र सिरेटो थकाली रोधी गजल घरमा कार्यरत वर्ष ३० का इन्द्रबहादुर ओली रहेका छन् ।

# बागमती प्रदेशका कर्मचारीको हाजिरी विवरण अनिवार्यरुपमा अनलाइनबाट

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, आयोग, सचिवालय तथा कार्यालय-हरूमा कार्यरत कर्मचारीहरूको हाजिरी विवरण अब अनिवार्य रूपमा विद्युतीय प्रणालीमार्फत् अद्यावधिक गर्नुपर्ने भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय हेटौंडाले शुक्रबार जारी गरेको निर्देशनअनुसार कर्मचा–रीहरूको दैनिक हाजिरी, बिदा तथा काजसम्बन्धि विवरण विद्युतीय हाजिरी प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। साथै प्रत्येक महिनाको हाजिरी विवरण प्रिन्ट गरी प्रमाणित अभिलेखका रूपमा तयार गरी महिना समाप्त भएको तीन कार्यदिनभित्र उक्त कार्यालयमा पठाउनुपर्ने अनिवार्य निर्देशन जारी गरिएको कार्यालयले जनाएको छ।

प्रदेश सरकारका अनुसार यस व्यवस्थाले कर्मचारीको उपस्थिति व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

# प्रहरीमाथि हातपातको आरोपमा नियन्त्रणमा

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-३, बसामाडीका ५० वर्षीय सुदर्शन बर्तौलालाई प्रहरीमाथि हातपात गरेको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार पति-पत्नीबीचको विवाद समाधानका लागि दुवैलाई प्रहरी चौकी बसामाडीमा ल्याइएको थियो ।

चौकीमै पुन: बर्तौलाले पत्नी र छोरामाथि कुटपिट गर्न खोजेपछि त्यहाँ कार्यरत् ३० वर्षीय प्रहरी जवान भगेन्द्र थापाले छुट्याउने प्रयास गरेका थिए । सो क्रममा बर्तौलाले प्रहरी जवान थापामाथि नै हातपात गर्दा उनको मुखमा चोट लागेको प्रहरीले जनाएको छ। घटनापछि बर्तौलालाई नियन्त्रणमा लिइ अनुसन्धान अगाडि बढाइएको छ । थप अनुसन्धानका लागि अदालतबाट ७ दिन म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।


## प्राविधिक प्रस्ताव माग बारेको सूचना

यस विद्यालयको विद्यालय ब्यवस्थापन समितिको मिति २०८३ बैशाख ११ को बैठकको निर्णयअनुसार स्कुल बस खरिद प्रक्रियाको लागि मिति २०८२/११/२८ गते यस विद्यालय र मनहरी गाउंपालिकाबिच आ.व. २०८२/०८३ मा यस विद्यालयको नाममा स्कुल बस खरिदको लागि सम्झौता भएबमोजिम यस विद्यालयलाई बस खरिद गर्ने प्रक्रियाको लागि मिति २०८२/१२/०४ मा प्रकाशित सूचनाबमोजिमका शर्तहरु पालना गरी बस उपलब्ध गराउन सक्ने यस विद्यालयको मिति २०८३/०१/११ गतेको ब्यबस्थापन समितिको बैठकको निर्णयअनुसार सूचिकृत भएका तपशिल अनुसारका अधिकृत बिक्रेता वा उत्पादकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्राविधिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

***तपशिल*** :

१: सिप्रदी ट्रेडिङ्ग प्रा लि काठमाण्डौ ।

२: लक्ष्मी कमर्सियल भेईकल्स् प्रा लि काठमाण्डौ ।

३: आई.एम.ई.मोटर्स प्रा लि काठमाण्डौ ।

**श्री राष्ट्रिय माध्यमिक बिद्यालय**

मनहरी गाउपालिका-६, मकवानपुर

सम्र्पक नं. ९८०२५९६९७६/९८११२११४०१/९७०७२७६१९८

Goverment of Bagamati Province
Ministry of Culture and Tourism
**Tourism Development Project**
Makwanpur, Nepal

## Invitation for Sealed Quotation

*Date of RePublication : 2083/01/12*

1. Goverment of Bagmati Province, Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur, Nepal invites sealed quotation from eligible bidders for the following projects.
2. Eligible Bidders may obtain further information at Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur,Nepal and a complete set of Bidding Documents is available on office address.
3. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account:
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd.
   **Name of Office** : Tourism Development Project, Hetauda, Bagmati Province
   **Office Code no.** : 3250032143
   **Office Account no.**: 1000200010000
   **Rajaswa (revenue) Shimshak no.**: 14229
   Cash Deposit Account for Bid Security:
   **Account Name** : Province Treasury Controller Office
   **Bank Name** : Rastriya Banijya Bank Ltd.
   **Bank Address** : Hetauda, Makwanpur Account Number: 1300100202030000
4. The name and identification of the contracts is as follows:

| S.N0 | Contract No. | Name of Contract | Estimated Amount | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | TDP/W/SQ/DH/ 082/83-1 | Construction of Saraswati park at Thakre -9, Dhading | NRs. 15,66,692.38/- (Exclusive of Vat & Contingencies) | NRs. 40,000/- | NRs. 1,000 |

**Project Chief**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।
**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने